# अध्याय एक

# परिचय

## १.१ अध्ययन पृष्ठभूमि

थारु समुदायमा रहेका विभिन्न संस्कार मध्ये विवाह संस्कार एउटा महत्वपूर्ण र अनिवार्य संस्कार हो । विवाह संस्कार मानवीय आवश्यकता पूरा गर्नका लागि समाजद्वारा स्थापित अनौपचारिक संस्था हो । समाजको सांस्कृतिक मूल्य मान्यतामा आधारित दुई विपरित लिङ्गहरूवीचमा यौन सम्बन्ध कायम गर्न तथा सामाजिक सम्बन्ध हुने अधिकार पाएको महत्वपूर्ण संस्था हो । थारुहरूका अन्य जातीय समुदाय जस्तै आफ्नै किसिमको विवाह संस्कार हुने गर्दछ । यिनीहरूको समुदायले विवाहलाई एक जिम्मेवारी पवित्र, धार्मिक वन्धनका रुपमा लिने गर्दछन् । विवाह गरेर पुत्र प्राप्त भएपछि स्वर्गको वाटो खुल्ने विश्वास यिनिहरूमा रहेको हुन्छ । थारुहरू हिन्दु धर्मावलम्वी भएकाले विवाह संस्कार हिन्दु परम्परा अनुसार गर्ने गर्दछन् । (रजौरे सन् १९८१)

थारु समुदायमा विभिन्न किसिमका विवाह रहेका छन् । ती मध्ये मागी विवाह बढी प्रचलन चल्ती रहेको छ । यो विवाह पनि सवै भन्दा खर्चिलो विवाह हो । मागी विवाह परम्परा अनुसार केटा वा केटीको अभिभावकले वर वा खोज्ने चलन रहेको छ । दुर्व तर्फको कुरा मिलाउने लमि वा अगुवा (केटा केटीको चाँजो पाँजो मिलाउने व्यक्ति) ले केटा र केटी खोजी गरी सकेपछि दुवै तर्फका बावु आमा राजी खुसी हुनु पर्दछ । केटी पक्षका बावुआमाले केटा मन पराए भने केटीलाई केटा बावु आमा तथा अभिभावकले मन पराएमा दुवै सहमत अनुसार एउटा भोजको आयोजना भोज खुवाउने चलन रहेको छ । भोजको आयोजना केटापक्षबाट दिने चलन रहेको हुन्छ । भोज खुवाइसकेपछि विवाहको मिति तोकिन्छ । दुवैतिर विवाह गर्ने मिति निश्चत भएपछि लमी वा अगुवा मार्फत तीनजना पुरुष दुलहीको घरतर्फ जान्छन् । दुलहीको घर पुग्नुभन्दा पहिलो नजिकैको घरमा वस्दछन् । दुलहीको तर्फवाट निम्तो नआउँदा सम्म वस्ने गर्दछन् । जव दुलहीको तर्फवाट निम्तो आउपछि मात्र दुलहीको घरमा जाने गर्दछन् । घर भित्र जानु अघि दुलहीको आमो गडुवा (झारी)ले पाती घर्कने गर्दछन् । त्यसपछी टिका लगाई दिन्छन् । त्यस पछि जन्ती पर्सनी काम हुन्छ । जन्ती पर्सदा दुलहीकी आमा तथा दिदीवहिनीले दुलाहलाई मूल ढोकाको अघिल्तिर उभ्याएर सिलौटो

लोहोरो तथा मदानीले शरीर वरिपरि घुमाउने तथा आगोमा तारी पड्काउने गर्दछन् । दुलाहा पक्षवाट दुलहीको आमालाई १६ हात नौनासुत वा मार्किनको कपडा दिने गरिन्छ त्यसलाई यिनीहरूले खेरसार भन्ने गर्दछन् । दुलहालाई दुलहीलाई लिन जानु भन्दा ३ वा ५ दिन अगाडि आफ्ना नातागोता वोलाउने र भोजको व्यवस्था गर्ने गर्दछन् । दुलाहलाई दिदी वहिनीले ३-४ दिन अगाडिदेखि नै दैनिक दिउँसो वकुवा घसी दिने चलन रहेको छ । वकुवा घस्ने काम सिद्धिएपछि वरलाई गाउँका देवी देवताको मन्दिरमा पूजा गराई वधु घरमा जन्ती सहित डोलीमा राखेर लगिन्छ । दुलहाले सेतो पगरी, सोतो कमिज, सेतो सुरुवाल र कालो जुत्ता लगाउने गर्दछन् । दुलहाले हातमा छुरी (कटार) लिएका हुन्छन् । छुरी (कटार) सातवटा धातु मिलाएर बनाउने चलन रहेको छ । कटार (छुरी) लाई दुलहाको कम्मरमा बाँधेर हिड्ने गर्दछन् । दुलहीका लागि कपडा, गहना, श्रृंगारका सामान जन्ती सँगै लैजाने दुलहीका कपडा धेरैजसो रातो हुने गर्दछ । गहनामा चाँदीको प्रयोग गर्ने गर्दछन् । दुलही पक्षका बुवा, आमा तथा अभिभावकले पनि दुलाहालाई ३-५ दिन सम्म वुकुवा लगाईदिने गर्दछन् । आफ्ना नाता गोता, इष्टमित्रहरूलाई वोलाइ भोज खुवाउने गर्दछन् । वुकुवा लगाउँदा गति गाउँले चलन छ । यिनीहरूको विवाहमा डफला वाँसुरी वजाउने गर्दछन् । (थारु २०५५)

भोज खुवाउने कार्य सकेपछि दुलाह र दुलहीले गाडा धोएर टिका लगाई दिने गर्दछन् । आफ्नो गच्छे अनुसारको दान उपहार दिने गर्दछन् । दुलाह र दुलहीलाई गुन्द्रीमा वसाल्ने गर्दछन्  तिनीहरूको दान दिनका लागि पातले वुनाएको टपरी राखिन्छ । टपरी भित्र दुवो, पाथी राख्ने गरेका हुन्छन् । त्यही टपरीमा टिका लागएँदै पैस (रुपैयाँ) दान गर्ने गर्दछन् । कन्या केटा र कन्या केटी वेहुला बेहुलाका साथ राख्ने गर्दछन् । जसलाई मुराउला मुराउली भन्ने चलन छ । कन्यादान अघि दुलहा दुलहीले सातपटक विवाह मण्डपको परिक्रम गर्ने गर्दछन् । परिक्रम पश्चात् दुलाहले दुलहीलाई सिउँदोमा सिन्दुर हाल्ने गर्दछन् । दुलहीको घरमा जाँदा दुलहाको साथमा एकदुई जना आईमाई पनि सँगै जाने गर्दछन् । दुलहाको घर नजिकै पुग्ने मागर (मंगल) गीत गाउने तथा प्रवेश गर्दा दुवारपाढ (ढोका) पूजा गर्ने चलन रहेको छ । दुलहीको साथमा गएका सङ्गीना (आइमाई) लाई दुलहीसँग छुट्टिदा पैसा केटातिर वाट दिने गर्दछन् । यसलाई यिनीहरूले सङ्घोडान (साथी छोड्नु) भन्ने गर्दछन् । दुलाहको विवाह घरमा खसी, सुङ्गुर र वङ्गुर काट्ने गर्दछन् ।  विवाहमा भात, चिउरा, जाँड रक्सी, वियर, जुस प्रयोग गर्ने गर्दछन् । वेलुकापख जन्ती दुलाह तर्फका केटाहरूलाई गोडामा तेल

लगाई रक्सी, सुपारी चुरोट खान दिने गर्दछन् । विवाहको अर्को दिन केही पैसा राखी दुलहीको मुख हेर्ने चलन छ । (रजौरे १९८१)

विवाह सम्पन्न भएको छ दिन पछी दुलहीको माइतबाट गाउँका दुई तीनजना भलाद्मी सहित दुलहीको बुवा दुलहीलाई लिन जाने गर्दछन् । जसलाई लेलहरी (लोकन्ती फर्काउने) भन्ने गरिन्छ । थारु समुदायमा अर्को विवाह (जारी विवाह) उडरी आमाबुवाको सल्लाह नै नगरी अर्काको श्रीमती तथा अविवाहित छोरीलाई भगाएर वा चोरेर लैजाने चलन रहेको छ । जसलाई यिनीहरूले उडरी विवाह भन्ने गर्दछन् । यस प्रकारको विवाह विगत्का बर्षमा प्रचलन रहेको थियो । यो विवाहमा केटाले केटीलाई भगाएर अर्को गाउँ (ठाउँमा) लगेर राख्ने गर्दछन् । त्यो गाउँ (ठाउँमा) गएर घरमूली सोध पुछ गर्ने गर्दछन् । केटी अविवाहित भएमा गाउँको जमिनदारसँग सोधपुछ गरी आफ्नो घरमा भित्र्याउन सक्छन् । विवाहित आईमाई भएमा जारीवापत निश्चित रकम पहिलाको लोग्नेलाई तिर्ने चलन छ । आफूभन्दा तल्लो जातको केटी ल्याएको छ भने भोज नखाने चलन छ । शोध पुछ गरिसकेपछी पछि सामान्य दण्ड जरिवाना गरेपछि मात्र भोज खाने गर्दछन् । यस खालको थारु समुदायमा घट्दै गएको छ । यस खालको विवाह आजभोली खासै देखिँदैन । नगण्य मात्र यस खालको विवाह हुने गर्दछन् । (डा. शर्मा २०४४)

थारु समुदाय एक अर्को विवाह संस्कार रहेको छ । एउटा घरको छोरी अर्को घरकोलाई दिने र त्यही घरको छोरी आफ्नो छोरासँग विवाह गर्ने परम्परा थारु समुदायमा रहेको हुन्छ । यस्तो पम्परागत विवाह अन्य समुदाय जातीमा नभएकोले यसलाई मौलिक खालको विवाह यिनीहरूको समुदायमा रहेको छ । इष्टमित्र आफन्तलाई भोज खुवाएपछि मात्र यस खालको विवाह गर्ने चलन रहेको छ । सट्टा विवाह, निम्न आयको थारु समुदायमा हुने गर्दछ । थारु समुदायमा भाउजु विवाह गर्ने चलन रहेको छ । दाजुको मृत्युपछी भाउजूलाई देवरले विवाह गर्ने गर्दछन् । यस खालको विवाह संस्कार थारु समुदायमा घट्दै गएको पाईन्छ । थारु समुदायमा वालविवाह, विधवा विवाह, वहुविवाह रहेका छन् । आधुनिक शिक्षा, यातायात विस्तार संचार विकास, टेलिभिजन, इन्टरनेट जस्ता साधन, राजनीतिक परिवर्तन, अन्य जातीसँग मिश्रित वसोवासले गर्दा थारु समुदायमा परम्परागत विवाह संस्कारमा परिवर्तन देखिन थालेको छ । थारु समुदाय धेरै जसो मागी विवाह हुने गर्दछ । यस खालको विवाह पनि क्रमश घट्दै गएको पाईन्छ । थारु समुदायमा यूवा पिँढीहरूले प्रेम विवाहप्रति आकर्षित

हुँदै गएका छन् । थारु समुदायमा छिटफुट रुपमा अन्रतजातिय विवाह हुन थालेको छ । कपितय थारु यूवा, युवतीले अन्य जाती समुदायका यूवा, युवतीसँग विवाह गर्ने गर्दछन् । यस खालको विवाह समाजको पनि सकारात्मक सहयोग हुने गर्दछ । (शर्मा २०३९)

तसर्थ थारु समुदायमा अन्तरजातीय विवाह सम्वन्धी सकारात्मक मत बढ्दै गएको छ । थारु समुदायमा छोराछोरीको विवाह सानै उमेरमा गर्ने चलन भएपनि आधुनिक जीवनशैली, शिक्षा यिनीहरूको पहुँचले गर्दा सानैमा विवाह गर्ने चलन घट्दै गएको छ । यिनीहरूले विवाह २० वर्ष पुगेपछि मात्र गर्ने चलन बढ्दै गएको छ । विवाह गर्दा थारु समुदायमा बेहुली लिन जाने आउने डोली प्रयोग सट्टा वस, जीप, ट्याक्टरको प्रयोग गर्ने गर्दछन् । अन्य जातीहरू वसाई सराई गरी आएका मानिसहरू सँग जस्तै विवाह संस्कार बढ्दै गएको पाईन्छ । (डा. शर्मा २०४४)

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा वसोवास गर्ने थारु समुदायमा धेरैजसो मागी विवाह गर्ने चलन भएपनि क्रमश: यिनीहरूको विवाह गर्ने तरिका, वदलिँदै गएको छ । यिनीहरूमा शिक्षा, जनचेतनाले गर्दा आधुनिकतातिर बढी भुकाव देखिन्छ । यहाँका थारुहरूले विवाह गर्दा वेहुली लिन जाँदा डोलीको सट्टा गाडी, वस, जीप, ट्याक्टरको प्रयोग गर्ने गर्दछन् । यहाँका थारु समुदायमा (जारी) उडरी विवाह गर्ने चलन रहेको छ । यहाँका यिनीहरूको समुदायमा सट्टा विवाह गर्ने गर्दछन् । अन्य ठाउँका थारु समुदायमा भए जस्तै यहाँका थारु समुदायमा सट्टा विवाह गर्ने गर्दछन् । तर यस खालको विवाह यहाँ न्यून रुपमा हुने गर्दछ । यस ठाउँमा यिनीहरूको समुदायमा धरुवा (घरज्वाइँ विवाह) गर्ने चलन पछि तर यस खालको विवाह न्यून मात्र हुन गर्दछ । (डा. शर्मा २०४४)

थारु जातिको विवाह धेरै जसको आफ्नै उपजातिमा हुने गर्दछ । यीनीहरुको समुदायको युवा युवतीमा प्रेम भएमा तिनीहरु घरबाट निक्ली बर्षो सम्म बाहिर गाउँमा बस्दछन् । पछि पत्नी लिएर लोग्ने मान्छे आफ्नो घरमा आउने गर्दछन् । कहिले काहिँ बातर र चितबानिया थारुमा पनि प्रेम हुने गर्दछ । फेरी आफ्नो जातिमा मिल्न विरादरीलाई भोज खुवाउन पर्दछ । यस प्रकारको विवाह अन्य उपजातिमा पनि हुन्छ । थारु समुदायमा प्रौढ विवाह धेरै हुन्छ । तर छिमेकीको सम्य वाजीको प्रभावमा परेर विस्तारै विस्तारै वालविवाह प्रथा बढेको छ । गदवारिया बाल विवाह धेरै हुने गर्दछ । चितबानियामा निकै कम वालविवाह हुन्छन् । गरिव भएमा ल्याएर विवाह गरिन्छ । साधारण वीस र तीस मानिसहरु जन्ती जाने गदर्छन् ।

रासधारी, झमरा, पूर्वी नाटक मध्येबाट नाय पति हुन्छ । तीनमा पहिला दुइटा गीत प्रायः थारु भाषामा ब्राह्मण र नाउ (हजाम) विवाह विधि गराउँछन् । पूरोहित नेपाली वा वानी व्राह्मण हुने गर्दछन् । कम खर्चमा विवाह गर्नु मासमा वसेका थारु समाजको विशेषता हो । (शर्मा २०४८)

एउटा लोग्ने मान्छे लाउने धोती र एक रुपैयाँबाट वरपूजाको चलन गरिन्छ । वरपूजाको लागि कन्या पक्षबाट पाँच जना जाने गर्दछन् । जन्तीमा एक्काइस व्यक्ति भन्दा धेरै सम्मिलित हुँदैनन् । नेग दक्षिणामा एक्काइस रुपैयाँ भन्दा धेरै खर्च हुँदैन । विवाह सम्पन्न गर्ने पण्डितलाई चार रुपैया हजामलाई एक रुपैयाँ गुजुआ-गुजाइन (वहिनी) लाई नैगकी एधार रुपैयाँ र गीतहरिनलाई पाँच रुपैया दिइन्छ ।

विहे गर्दा धेरैजसो सानै उमेरमा बावुआमाले वन्दोवस्ती मिलाई गरिन्छ । तर यो चलन नजिकमा आएका माथिल्ला जातका हिन्दुहरु देखासिकीमा विस्तारै विलाउँदै लगिएको हो । नत्र भने उनीहरुमा उमेर पुगेका तन्नेरी तरुनीहरुको आपसमा कुनै प्रकारको प्रतिवन्ध र हितको सहवासलाई खुला रुपमा स्वीकार गरिने चलन छ । यसै समय-समयमा पिटुलिएकी अविवाहित केटी ल्याएर चोख्याईफिरि विधिपूर्वक विहे गर्नमा पनि प्रतिवन्ध रहँदैन । कोही गरिव केटाले आफूलाई मन परेकी केटीका बाबुआमाका घरमा हलो जोत्ने खेती गर्ने काममा भर्ना भई दुई-तीन वर्ष परिश्रम गरी स्वास्नी कमाइ ल्याउने चलन पनि छ । कुनै केटोले मन परेकी केटीलाई जरिवाना/दस्तुर केटाका बाबुआमालाई नतिरे सम्म फर्केर  आउन पाउँदैन । (विष्ट २०३०)

नेपालका थारुहरुमा राजाकाल सम्म अनौठो अनमेल बिवाहको प्रचलन थियो । पूर्व र पश्चिम दुवैतिर विवाह प्रचलन थियो । पूर्व र पश्चिम दुवैतिर विवाह गर्दा केटा भन्दा केटी पाकेकी हुन्थी । कन्या वरभन्दा पाँच वर्ष जेठी हुने गर्थी दुलही घरमा काम गर्न ल्याईन्छ । त्यसै बसाएर खुवाउने होइन भन्ने थारुहरुको तर्क हो । दुलहा भन्दा सानो दुलही ल्याएर के फइदा भनी थारुहरु भन्ने गर्थे । केटाको उमेर वढ्दै गएपछि केटीको उमेर ढल्कन्थ्यो । यसबाट दुलाह-दुलाहीको दाम्पत्य जीवन खल्लो हुन्थ्यो । केटा उमेरदार भएपछि आफ्नो स्वास्नीलाई हेला गर्दथ्यो । केटाहरु गाउँका अन्य युवतीतिर आकर्षित हुन्थे । केटाहरु धनी भएमा अर्को केटी पनि विवाह गरिहाल्दथे । (कादम्विनी जुलाई १९८२)

थारु जातिको विवाहमा भइन (कन्यौत) प्रथा थियो । यसमा केटीको बाबुले केटीको मोल लिन्थे । गरिब आमाबाबु यस प्रथाले गर्दा आफ्नो छोरीको विवाह बुढो, कुरुप, विधुर र स्वास्नी भएका व्यक्तिसित गरिदिन्थे । नेपालमा प्रजातन्त्र आएपछि थारु कल्याणकारी समिति मोरङ, सप्तरी, दाङ आदि ठाउँमा सम्मेलन गरी थारुहरुमा यही प्रथाहरु खतम गरी थाहरुहरुमा गरेको छ । (मर्मा २०४४)

## १.२ अन्तरजातीय विवाह प्रति थारुहरूको धारणा

थारु समुदायमा आफ्नै समुदायसँग विवाह हुने गर्दछ । यिनीहरूले आफ्नो समुदायको अर्को समुदायसँग विवाहलाई खासै राम्रो रुपमा लिँदैनन् । यिनीहरूको वुढापाकाहरू अन्तरजातीय विवाहको विरोध गर्दछन् । हाल आधुनिक सञ्चार, शिक्षा, टेलिभिजन, इन्टरनेट, यातायातका साधन आधुनिकता विश्वासले गर्दा थारु समुादयका कतिपय यूवाहरू र यूवतीहरू अन्तरजातीय विवाह रुचाउन थालेका छन् । तुलसीपुर उपमहानगरपालिका वडा नं १९ वसोवास गर्ने थारु समुदायका यूवा, यूवतीहरूको सर्वेक्षणमा सहभागीले यस खालको विवाहप्रति सकारात्मक रहेका छन् ।

**तालिका १.१ : अन्तरजातीय विवाह सम्बन्धी धारणा**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | १२ | २३.०७ |
| नराम्रो | ३० | ५७.६९ |
| ठीकै | १० | १९.२३ |
| जम्मा | ५२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

उल्लेखित तालिका १.१ अनुसार ५२ जना सहभागी सर्वेक्षण सहभागी उत्तरदाता मध्ये अन्तरजातीय विवाहलाई नराम्रो ३० जना ५९.६९ प्रतिशत रहेको छ भने यस खालको विवाहलाई राम्रो रुपमा लिने सख्या ५२ जनामा २ जना अर्थात् २३.०७ प्रतिशत रहेको पाइयो । ठीकै मान्ने संख्या ५२ जनामध्ये १० जना रहेका छन् अर्थात् १९.२३ प्रतिशत रहेको पाइयो । यस क्षेत्रका यूवा उत्तरदाताको भनाई लिँदा अन्तरजातीय विवाहप्रति सकारात्मक रहेको पाइयो । यस स्थान बस्ने यिनीहरूका वुढापाका उत्तरदाताहरूको भनाईमा अन्तरजातीय विवाहलाई नरुचाइएको पाइएको छ । यूवा, यूवतीहरूमा राजनीतिक चेतना, शिक्षाको विकास, अन्य साधनको विकासले अन्रतजातीय विवाहप्रति सकारात्मक धारणा वन्दै गइरहेको छ । थारु समुदायमा परम्परागत विवाह सम्बन्धी धारणा क्रमिक रुपमा परिवर्तन भइरहेको पाइन्छ ।

## १.३ समस्याको कथन

नेपाल विभिन्न जातजाति मध्ये थारूजाति पनि एक जनजाति हो । समाजशास्त्रीय दृष्टिकोणले थारूका बारेमा राम्रोसँग अध्ययन हुन सकेको छैन । तराई तथा भित्री मधेशमा बस्ने थारूहरूले तराइको भूमि उब्जाउ बनाउन महत्पूर्ण भूमिका रहेको छ । नेपालको दाङ्ग लगायत लगाईका विभिन्न भागमा औलो उन्मूलन भएदेखि तराईमा अन्य जातिहरू बसोवास गर्ने वसाइसराई गरी आउन थाले । वसाइ सर्ने भूमिमा विभिन्न संस्कारको विस्तारै प्रभाव पर्न थाल्यो । औलो उन्मूलन भन्दा अगाडि थारू जातिको वसोवास भएको थियो । त्यसैले थारूलाई तराईको भूमि पुत्रका रुपमा लिने गरिएको छ ।

थारू अज्ञानता वा घर खर्च चलाउनका लागि आफ्नो जमिनलाई सराईसराई गरी आउने पहाडीया समुदायलाई वेच्न थाले । आएको पैसालाई फजुल खर्च गर्न थाले । टाढाबाठाका जातिले जग्गा सस्तामा किनेर यिनीहरूलाई कमैया वसाल्न थाले यसले गर्दा थारूको जीवन पद्धति कष्टकर हुन थाल्यो । हिजोका सम्पन्नथारूहरू विस्तारै भूमिहीन किरगन र सुकुम्वासी बन्न थाले । यी जातिहरूको कतिपय भूमिहिन र कतिपयको जग्गा जमिन घट्न थाल्यो । भूमी अर्थात् जग्गा जमिन घट्न थाले पछि यिनीहरूले कठोर परिश्रम गर्न थाले तर परिश्रमको अनुसार फल कम पाउन थाले । थारू समुदायको परिश्रमको फल धनी व्यक्तिहरूले उठाइरहेका छन् । अन्य जाति भन्दा थारू समुदाय शिक्षा पछाडी छन् । शिक्षाको कमिले गर्दा थारु जातिअन्य जातिको तुलनामा सरकारी सेवा, उद्योग धन्दा कलकारखानामा र शिक्षण सेवा न्यूनमात्रामा प्रवेश भएको देखिन्छ । (डा. शर्मा २०४४)

अन्य जातिमा झैं आधुनिकताको प्रभाव थारूमा पर्न थालेको छ । थारू समुदायको घर झुसले छाएको माटोले लिपेको बारमा बस्ने थारूहरू क्रमश कच्ची ईट्टा, पाको इट्टा, ढलान टिनले छाएको घरमा बस्ने थाले । यिनीहरूको संस्कृति क्रमश आधुनिकता प्रभाव देखिन थालेको छ । थारूको संस्कृति आफ्नै खालेको छ । थारूको संस्कृति आफ्नै मौलिक संस्कार देशकै साझा सम्पत्ति हो । आधुनिकता युगमा पनि यी जाति समुदायमा कतिपय अन्धविश्वास रहने गरेका छन् । सर्पले टोक्दा सम्म गुरुवालाई वोलाएर झार्ने जण्डिस रोग लागेकालाई फुकेर झार्ने गर्ने गर्दछन् । नेपालको विभिन्न स्थानमा बस्ने थारू जहिले संस्कारलाई अनिवार्य रुपमा लिने गर्दछन् । त्यस्तै दाङ्ग जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा बस्ने समुदायको विवाह संस्कार आफ्नै मालिक परम्परा रहेको पाइन्छ । थारूको मौलिक जन्म संस्कार के हो ? विवाह संस्कार (Marriage ceremony) मा के आधुनिकताको प्रभाव परेको छ ? थारू जातिको शिक्षामा पछि पर्नु कारण के के हुन् ? थारू जाति पछाडि पर्नुमा मदिराको प्रयोग त होइन ? यी अध्ययनका मूख्य समस्याहरू हुन् ।

### १.४ अध्ययनको उद्देश्य

कुनै विषयको अध्ययन गर्नुका केही न केही उद्देश्य रहेका छन् । तुलसीपुर उपमहानगरपालिका १९ दाङ्ग जिल्लामा वसोवास गर्ने थारू समुदायको विवाह संस्कार संस्कार बारे अध्ययनमा निम्न उद्देश्य रहेका छन् :

- थारू समुदायको विवाह संस्कारमा आएको परिवर्तनको विश्लेषण गर्ने ।

- थारू समुदायको परम्परागत विवाह र परिवर्तित विवाहको भिन्नताको खोजि गर्ने ।
- थारू समुदायको परम्परागत विवाह संस्कारमा आएको परिवर्तनका कारणहरूखोज्ने ।

## १.५ अध्ययनको औचित्य

नेपालमा विभिन्न जातजाति, जनजातिको वासेवास स्थल भएकोले यिनीहरूको विषय अध्ययनवाट थप जानकारी प्राप्त हुन्छ । आर्थिक, सामाजिक अवस्था विभिन्न संस्कार वारेमा अझ थप ज्ञान प्राप्त हुन्छ । तुलसीपुर उपमहानगरपालिका १९ वडा दाङ्ग जिल्ला थारू समुदायको वसोवास स्थल भएकोले । त्यसैगरी यो क्षेत्र अध्ययनकर्ताको चिरपरिचित क्षेत्र भएकोले यो क्षेत्रलाई अध्ययनको छनौट बनाइएको हो । यिनीहरूको विभिन्न पक्ष अध्ययन गर्दा भविष्यमा राम्रो असर देखिन्छ र लोप हुन लागेको विभिन्न संस्कार संरक्षण हुन पाउँछ । नेपाल इतिहासमा थारू जाति भूमीका महत्वपूर्ण रहेको छ । यिनीहरूलाई मिहेनेती, परिणाम लगनशील, सोझा र साहसी इमान्दारका रुपमा लिईन्छ । थारू जातिको अध्ययन महत्वपूर्ण निम्न बुँदामा प्रस्तुत गरिन्छ ।

१. तुलसीपुर उपमहानगरपालिका १९ नं. वडा लगायत अन्य स्थानका व्यक्तिहरू संस्थालाई अध्ययन कार्यमा सहयोग पुऱ्याउनेछ ।
२. विदेशी र स्वदेशी समाजशास्त्रीहरूलाई विभिन्न जातीको अध्ययन गर्ने क्रममा थारू जाति नेपालको महत्वपूर्ण जातिको परिचित गराउनु ।
३. थारूको जन्म संस्कार अध्ययन र विश्लेषण गरी तथ्यलाई राष्ट्रिय स्तरमा पुऱ्याउनु,
४. पछाडि परेको थारूजातिको संस्कृतिलाई संरक्षण गर्न, योजना वनाउनका लागि सहयोग गर्न,
५. थारू समुदाय र अन्य समुदायको तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याउन,
६. थारू समुदायको पहिचानमा सहयोग पुऱ्याउनु ।

# अध्याय दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्य अध्ययन भन्नाले अध्ययनसँग सम्बन्धित पूर्व अनुसन्धानकर्ताहरूबाट गरिएको अध्ययन र खोजसँग परिचित हुनु हो । नेपालमा पूर्वदेखि पश्चिम महाकालीसम्म धेरै जातजातीको बसोबास रहेको छ । विभिन्न जातिहरूको समुदायहरूको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था अध्ययन नेपालको इतिहासमा त्यति पुरानो छैन । नेपालमा २००७ साल पछि प्रजातन्त्र स्थापना भयो । त्यसपश्चात समाजशास्त्री र मानवशास्त्रीहरूले विभिन्न खोजमूलक अनुसन्धानात्मक कार्य गरेको पाईन्छ । यसै क्रममा नेपालमा सर्वप्रथम डार्फुरले (१९६४) शेर्पा समुदायको अध्ययन गरेका थिए । जि एस नेपालीले पाँगामा वस्ने नेवारहरूको आर्थिक सामाजिक, सांस्कृतिक पक्षको अध्ययन गरेका थिए । नेपालमा समाजशास्त्रीय, मानवशास्त्रीय अध्ययन गर्न स्वदेशी तथा विदेशीहरूमा शेरी वि. ओटनरले (१९७८), क्याप्लन (१९७२, १९७०) विन्द (१९९४, २०३०), रेग्मी (१९२०), शर्मा (१९७७), अगष्ट मोनलार (१९८१) आदि हुन् ।

थारु जाती तराईको एउटा आदिवासी जनजाती हो । यस जातीलाई नेपालको आदिवासीका रुपमा लिइन्छ (पन्त, २०५६) । थारु समुदायका यूवा यूवतीहरूको विवाह सानै उमेरमा हुने चलन छ । ८/९ वर्षको केटाको लागि १५/१६ वर्षको केटी खोजेर विवाह गर्ने चलन छ । विवाह संस्कार जस्तै मृत्यू संस्कारलाई जीवनचक्रको प्रमुख घटना मध्ये एक मान्दछन् । पूर्व भागमा बस्ने थारुहरूले मृतकलाई नदीको किनारामा दाहसंस्कार गर्दछन् भने सुदुरपश्चिमका थारु समुदायले लोग्ने मानिसलाई घोप्टो पारेर गाड्दछन् । पूरोहित आफ्नो जातको बाह्य ब्राह्मण समुदायबाट पनि ल्याउने गर्दछन् । ब्राह्मण वा पूरोहित लगाउने थारुहरू मृत्यु भएको १३ औं दिन हिन्दु संस्कार अनुसारकै काजक्रिया गर्ने चलन छ (शर्मा, २०३९) ।

“थारु समुदायको विवाह संस्कारका बारेमा भन्नुपर्दा डगोरा थारुमा दुलाहासँग दुलहीको भाईपनि डोलीमा वसेर जन्तीसँग जाने, भविष्यमा दाजु मरी भाउजु विधुवा भएको खण्डमा भाउजुलाई व्योहोर्नु पर्ने चलन छ । उनीहरूको चलनमा दुलही साटासाट गर्ने तथा जुन घरमा छोरी दिएको छ त्यसै घरबाट साटो वुहारी ल्याउने चलन छ” (यात्री, १०५९) । “थारु

समुदायमा महिलाहरू मेरुदण्डको रुपमा रहे तापनि पितृसत्तात्मक समाज भएकोले महिलालाई अंश दिइँदैन । उनीहरूको व्यक्तिगत सम्पत्ति भनेको विवाह पश्चात माइतीले दिएको पेवा (हाँस, कुखुरा, गाई, बाच्छा, वाखा तथा अन्न) हाट वजारमा चिउरा चामल वेचेर आफ्नै मिहिनेतले कमाएको रुपैयाँ गहना हुन् त्यसैको अलवा उनीहरूको आफ्नो भन्ने केही हुँदैन (रजौरे सत, १९८१) ।

झाँगा तिर्ने विवाहमा छोरी जन्मनु आर्थिक श्रोत बलियो हुने मानिन्थ्यो । उक्त विवाह केटा पक्ष केटी पक्षलाई ५० पाथी चामल १ धार्नी तेल, ५४ मिटर कपडा, रकम ५००० वुझाएपछि मात्र दिएर विवाह हुने चलन छ (चौधरी, २०५५) । विहे गर्दा वा अरु पारिवारिक सामाजिक पर्व मनाउँदा आफ्नै जातिको पूरोहित गुरुवाको महत्वपूर्ण भूमिका हुन्छन् । अनि प्रत्येक परिवारको आफ्नै घरभित्र रहने इष्टदेवताको पूजाकोटा देवहार भित्र पनि धेरै विविविधान सहित पूजा गर्नुपर्दछ । दुलही लिन जन्ती गएको वेला दुलहीकी साथी संगिनीहरू जम्मा भएर रातभरी दुलाहा तथा जन्तीलाई जथाभावी गाली गर्ने र सराप्ने एउटा रमाइलो चलन छ (विष्ट, सन् २०००) ।

नेपाल सरकारको सूचना तथा सञ्चार मन्त्रालयबाट प्रकाशित पुस्तकमा थारुहरू मझौला कद औसत, उचाइ ५ फिट २ इन्च, रंग गहुँगोरो, नाक केही नेप्टो, ओठा वाक्लो, कसिलो बलिस्ट जिउ, मंगोलिन वनावटी, पुरुषको दाह्री जुँगा कम हुनु अर्थात थारुहरूको शारीरिक वनावट राई मगर र खसे जस्तो हुन्छ (सु.प.खण्ड, २०३१) ।

थारु समुदायको विशिष्ट सामाजिक चलन विहेवारी हो । थारहरूको लागि छोरा भार स्वरुप हुँदेनन् । छोरीहरूको विवाह गर्दा वरपक्षबाट कन्या पक्षलाई रुपैयाँ दिने चलन छ । खेतानी थारुहरूको मूख्य पेशा पशुपालन, माछा मार्ने र शिकार खेल्ने गर्दछन् । थारु समुदायका छोरीहरू आम्दानी जस्तै हुन्छन् । छोरीहरूको नैतिकतामा थारुहरू पूर्पच्छ गर्दैनन् । यिनीहरूले छोरीहरू अर्काको घर जाने रुपमा लिने गर्दछन् । वुहारीहरू अर्काको घरकी चेलीवेटी हुनाले वढी उत्तरदायी हुन्छन् । थारु समुदायको विहेवारी आफ्नै श्रेणीमा हुने गर्दछ । थारु जातकी चेलीवेटी अरुजातको मानिसले लगमो त्यसलाई आफ्नो जातिबाट वहिस्कृत गर्दछन् । थारु समुदायका पतिया हुने गर्दछन् (वराल, २००९) ।

Kurt W. Myer भन्ने Swiss विद्वान्ले Physical Culture of Tharu (1992) प्रकाशित गरी काठमाडौं Indo Gallery मा Photogrpahy प्रदर्शनमा राखेका थिए । उनले थारुजातिको संस्कृतिको बारेमा Photogrpahyसहित इन्टरनेटमा राखेका छन् । जुन www.webert.com/assianttharuमा उपलब्ध रहेको छ । Photogrpahyले थारु जातिको वैवाहित पद्धति, लगाउने गरगहनाहरू भेषभूषा स्थिति, धार्मिक क्रियाकलाप आदि लगायत अनेक पक्षलाई प्रकाशन पार्न खोजेका छन् ।

"थारुहरूको आफ्नैपनको पहिचान, आफ्नै विहेवारी, भाषा, धर्म, संस्कृति, भेषभुषा चालचलन पहिरन लगाई, खुवाई भए तापनि पूर्व मेचिदेखि पश्चिम महाकालीसम्मका थारुहरूमा यि कुरामा समानता छैन । केही मात्रामा फरक देखिन्छ तर फरक भएतापनि मूल कुरा एउटा दर्शाउँछ । आ-आफ्नो भाषा रहनसहन र संस्कारमा जीवन बिताईरहेका छन् (गौतम, २००४) ।

थारु जाति नेपालमा लिच्छवीकाल देखि नै बस्दै आएका हुन् भन्ने भनाई कतिपय विद्वान्हरूको छ भने कतिपयले उनीहरूलाई केहीकाल अघिमात्र भारतको राजस्थानबाट आएका हुन् भनेका छन् । त्यस्तै अर्को विद्वान्को भनाई अनुसार १२ औं शताब्दीतिर राजपुतनामा मुसलमानहरूले आक्रमण गरेपछि यिनका आइमाईहरू आफ्नो रक्षाका लागि उत्तरखण्ड (उत्तरी पहाड) तिर पठाइएका थिए । मुसलमानहरूको भयले जंगलमा वसेकी आईमाई (थरुनी)हरूले धेरै वर्षसम्म पनि आफ्ना पतिहरू नआएको देखेर प्रतिरक्षाको अन्तराल पछि आफूसँग रहेको निम्न जातिका (नोकर) पूरुषहरूलाई आफ्नो लोग्ने मान्नुपर्ने वाध्यता भएकाले लोग्ने मानी रहन लागेको कुरा विद्वान्हरूले इतिहासमा उल्लेख गरेको पाइन्छ (यात्री, २०५९) ।

थारु जातीय संस्कृति आज आएर आफ्नो किसिमको मिश्रित संस्कृति हुन गएको छ । यस भित्रका पूराना राम्रा कुराको संरक्षण र अन्धविश्वास हटाउन आवश्यक छ । आजको परिवर्तित र विकसित सामाजिक क्रियाकलापहरू सरिक भई आर्थिक तथा सांस्कृतिक गतिविधिहरू लाग्ने तर्फ थारु कल्याणकारी सभाले गम्भीरतापूर्वक सोच्नु आवश्यक छ ( घिमिरे, २०५२) । थारु पुरुषहरू प्राय:जसो एक प्रकारको झुलवा (भौदा) इष्टकोट र धोती लगाउँछन् भने थरुनीहरू पछाडितिर मुजामुजा परेको र अगाडि फुका भएको जामा लगाउने गर्दछन् । नत्र एउटै कपडा काँधमा बाँधेर घुँडासम्म छोड्दछन् । बढनी (अविवाहित)हरू

छेडिन्छन् । वढिनीहरू हतपत खोपाउँदैनन् । यिनहीहरूका गहना मध्ये कुल्ली ठेडिया ( पाखुरामा लगाउनै एक किसिमको वज), हैसुली (घाँटीमा लगाउने), पहुल्ली (हातमा लगाउने), दरकी (कानमा लगाउने कँघन), पेटी चत्यावानोकसाखाले पछिल्ली (हातमा लगाउने), दरकी (कानमा लगाउने), कँघन पेटी चतथावानोटखो (नाँकमा लगाउने) आदि छन् (शर्मा, २०३७) ।

थारुहरूको कुलदेवता काली, भगवती, मैया, गोरिया हुन्छन् । थारु समुदायमा कुलदेवता गोवरैयालाई सुँगुर अरुलाई वोका बली चढाउने चलन छ । यी समुदायका हरेक घरमा आफ्नै कुल देवता हुन्छन् । कुल देवता भएको कोठालाई देवहार भन्छन् । यस स्थानमा घरको मूल लोग्ने मानिस सुत्ने गर्दछन् (विष्ट, २००२) ।

थारु जातिमा संयुक्त परिवारको परम्परा रहेको पाईन्छ । परिवारमा आमाको स्थान माथि रहेको र एक पत्नी प्रथा रहेको थाहा पाईन्छ (शर्मा, २०३९) । कोशाका थारु सुमदायमा सुर्खेतको वा दाङ्गको थारु परिवारमा जस्तो एउटा केटा वा केटीलाई साटासाट गरी विवाह गर्ने चलन देखिँदैन । सुर्खेततिर एउटा परिवारमा केटीको गर्नु पर्यो भने उतापट्टिको केटीलाई पनि केटीतर्फको दाजुभाई मध्ये जसले भए पनि एकजना केटाले विवाह गर्ने चलन छ ( रेग्मी, २०३५) ।

जि.एस. नेपालीले सर्वप्रथम पाँगामा वस्ने नेवारहरूको आर्थिक, सामाजिक संस्कार तथा सांस्कृतिक पक्षको अध्ययन इथ्नोग्राफिक तरिकावाट अध्ययन गरेका थिए । नेवारहरूको विभिन्न संस्कारहरू जन्म मृत्यु तथा विवाह संस्कारको अध्ययन गरेका छन् । नेवारहरूको विवाह संस्कार एउटा महत्वपूर्ण संस्कार हो । नेवारहरूले आफ्नो वंशलाई निरन्तरता दिन र सामाजिक तथा आर्थिक कार्यलाई पूर्णता प्रदान गर्न विवाह गर्ने गर्दछन् । नेवारहरूको तीन किसिमको विवाह हुने गर्दछ । इही विवाह (वेल विवाह), दोश्रो वाह्रा सूर्य र तेश्रो मानिससँग विवाह हुने गर्दछ । नेवारमा केटा भन्दा केटीको उमेर केही कमि हुने गर्दछ । नेवारहरूका केटीहरू लोग्नेको मृत्युपछि पनि विधुवा हुँदैनन् ।

प्रयोग राज शर्माले द स्टेट र सामाजिक इन नेपाल हिस्ट्रोरिकल फाउन्डेसन एन्ड कन्टेमपोररि ट्रेन्ड भन्ने पुस्तक २००४ मा प्रकाशित गरेका थिए । यस पुस्तकमा नेपालको भोगोलिक विविधताले गर्दा साँस्कृतिक संरचनामा पनि विविधता रहेको छ । नेपालमा उत्तर

भेगमा वस्ने समुदायमा तिब्बतीय संस्कारको प्रभाव छ भने दक्षिण भागमा वस्ने मानिसको भारतीय संस्कार प्रभाव रहेको छ। यस पुस्तकमा उल्लेख रहेको छ।

विभिन्न सिद्धान्त मध्य मार्क्सवादी दृष्टिकोण पनि महत्वपूर्ण सिद्धान्त हो । यस सिद्धान्तलाई समाज परिवर्तनको महत्वपूर्ण सिद्धान्तका रुपमा लिने गर्दछन् । यस सिद्धान्तको विकासमा मार्क्स र फेडरिक एगल्सको महत्वपूर्ण रहेको छ। यस सिद्धान्त अनुसार सामाजिक परिवर्तन द्वन्द्वात्मक ढङ्गले हुने गर्दछन् । समाजमा दुई किसिमका वर्ग हुने गर्दछन् । एक हुने र नहुने हुने वर्गले नहुने वर्ग माथी चरम शोषण गर्दछन् । सर्वहारा वर्ग नहुने वर्गले हुनै वर्गमाथि क्रान्ति गर्दछन् र राज्यसत्ता हातमा लिन्छन् ।

विभिन्न सिद्धान्त आधुनिकता सिद्धान्त पनि एउटा महत्वपूर्ण सिद्धान्त एउटा विश्वव्यापीकरण आधारलाई टेकेर फैलिएको छ । यस सिद्धान्त अनुसार नयाँ नयाँ कुराहरू उपयोग गर्ने त्यसको प्रयोग गर्न चाहन्छन् । यस विश्ववजारको कुनै कुनामा उत्पादन भएका वस्तुहरू मानिस उपभोग गर्दछन् । यस सिद्धान्त अनुसार मानिसको खुल्ला चाहन्छन् । मोटरवाटो, सञ्चार, इन्टरनेटको विकास भनेकै आधाुनिक सिद्धान्तको विकास हो । उल्लेखित सिद्धान्तको प्रभाव थारु समुदायमा परेको छ । थारुहरूको विहेवारीमा यी सिद्धान्त प्रभावले गर्दा परम्परागत मुल्य मान्यतामा आधारित विवाह संस्कार परिवर्तन भइरहेका छन् । अन्य जातीय संस्कार विस्तारै बढ्दै गएको छ ।

आदिवासी थारु समुदायको संस्कृति माथि विश्वव्यापीकरण, आन्तरिक कारणले परम्परागत संस्कार क्रमिक रुपमा रुपान्तरण हुँदै गएको छ ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनोट

थारू समुदायको विवाह संस्कारको अध्ययनका लागि दाङ्ग जिल्लाको तुलसीपुर उपमहानगपालिका १९ लाई छनोट गरिएको छ । यो ठाउँमा रोल्पा, रुकुम, सल्यान, जाजरकोट, प्यूठान लगायत ठाउँबाट बसाइसराइ गरी बसोवास गर्ने गरेका छन् । वसाइसराइ गरी बसेकाले यस ठाउँमा फरक फरक संस्कृति भएको पाइन्छ । राजनैतिक अवस्था पनि फरक रहेको छ । यस ठाउँमा वस्ने प्रमुख जातिहरूमा थारू, मगर, क्षेत्री व्राह्मण, कामी र दमै पनि वस्ने गर्दछन् यो क्षेत्रमा थारू जाति वसोवास वाहुल्यता रहेका छन् । यस ठाउँमा थारू जाति रैथानै जातिका रुपमा लिने गरिन्छ । यस ठाउँमा यिनीहरू पुस्तौ देखि वस्दै आएका छन् । यो ठाउँका थार समुदायको जन्म संस्कारका बारेमा अध्ययन, अनुसन्धान नभएकोले यो ठाउँलाई छनोट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यलाई पुरा गर्नका लागि थारू समुदायको जन्म संस्कारको वारेमा अध्ययन गर्न लागि परम्परागत जन्म संस्कार र आधुनिकता प्रभाव जान्नका लागि शोधकार्यमा वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ ।

## ३.३ तथ्यांकको प्रकृति र श्रोतहरू

### तथ्यांकको प्रकृति

यो शोधकार्यमा गुणात्मक तथा मात्रात्मक दुवै प्रकारका तथ्यांकहरू प्रयोगमा ल्याइएको छ ।

**तथ्यांकको संकलनका श्रोतहरू**

**प्राथमिक श्रोत**

यस शोधकार्यको अध्ययनको क्रममा प्राथमिक श्रोतलाई महत्वपूर्ण आधारका रुपमा लिइएको छ । श्रोत अन्तरगत उत्तरदातासँग तथा व्यक्तिगत अवलोकनद्वारा प्राथमिक संकलन गरिएको छ । यस क्षेत्रको सर्वेक्षणबाट संख्यात्मक र गुणात्मक तथ्यांक संकलन गरिएको छ ।

**द्वितीयश्रोत**

शोधकार्य अध्ययन क्रममा तथ्यांक संकलन गर्दा थारू जातिका बारेमा तयार गरिएको लेख, आलेख, ऐतिहासिक दस्तावेज, शोधपत्रहरू, पुसतकहरू उपमहानगरपालिका तथा जि.वि.स.बाट प्राप्त तथ्यांक तथा केन्द्रीय विभागका प्रकाशनहरू लिइएको छ ।

## ३.४ नमुना सर्वेक्षण

### नमूना सर्वेक्षण

गल्ली चौधरी र दोरपति चौधरी तुल्सीपुर उपमहानगरपालीका वडा नं. १९ मा बसोवास गर्ने गर्दछन् । गल्ली चौधरी उमेरको हिसावले हाल ६० वर्ष भएका छन् । उनको श्रीमतिको नाम दोरपति चौधरी हो । उनी ६१ वर्षकी भएका छन् । भागेर विवाह गर्दा थारु समुदाय अर्को ठाउँमा लैजानु पर्दछ । त्यसै अनुसार गल्ली चौधरी र दोरपति चौधरी पनि भागेर अर्को गाउँमा गएर वसे । त्येसपछि ४ दिन पछि जाँड पकाउने रक्सी पार्ने काम गरेपछि यीनीहरुको विवाह भएको थियो । विवाहमा यीनीहरुले पैसा जम्मा गर्ने, सुङ्गुर किन्ने गर्ने गरेका थिए । विवाहमा रातो टिका लगाएर विवाह गरेको थिए । यस खालको यीनीहरुको विवाहमा चार जनालाई पैसा दिएका थिए ।

सम्पूर्ण खर्च सरसामान जम्मा गरेपछि । घर भित्रयाएर वरिपरि घर छिमेक, समुदायका गुरुबा (मर्रा) लाई खवर गरी आफ्नो घर भित्र पसेका थिए । आज भोलि यीनका २ दुइ छोरा र छोरी रहेका छन् । यीनीहरुको जस्तो विवाह यस स्थानमा आज भोली न्यून मात्र हुने गर्दछ । यीनीहरुले विवाह फागुन महिनामा गरेका थिए । यस ठाउँका थारु समुदायमा विवाह प्राय जसो माघ र फागुनमा गर्ने गर्दछन् । यस समय यीनीहरुको फूर्सदको समय हो । फूर्सदको समयमा प्राय जस्तो थारु समुदायले विवाह गर्ने व्यवहार, रहन-सहन, संस्कारमा

परिवर्तन हुँदै गएको छ । गल्ली चौधरी र दोरपति चौधरी पढाइ लेखाई नभएकाले खेत वारीमा काम गरेर जीवन गुजार्दै आएका छन् । यीनीहरुले गाई, भैंसी, सुङ्गुर पाल्ने गरेका छन् । विवाह पश्चात् महिलाले घरयासी काम गर्ने गरेका थिए ।

## जनक चौधरी र मैयाँ चौधरी

जनक चौधरी हाल उमेरका हिसावले ४७ वर्षका भए उनको श्रीमति मैया चौधरी ४५ वर्षकी भइन । यीनीहरुको विवाह भएको करिव २७ वर्ष भयो । यीनीहरुले साटासाट विवाह गरेका थिए । जनक चौधरीले विवाह नजिकै गाउँबाट गरेका थिए । घरमा साटसाट विवाह गरेपछि थारु समुदायको संस्कार अनुसार विवाह सम्पन्न गरेका थिए । विवाह पश्चात् दुलहीलाई अन्य जाति जस्तै दुलाहको घरमा ल्याएका थिए । घरमा यीनले आफ्नो नाता गोता, घर छिमेकलाई सुङ्गुर, जाँड, रक्सी, खुवाएर विवाह सम्पन्न गरेका थिए ।

मैया चौधरीले व्यवसायी काम गर्ने, भान्सापात गर्ने भाँडा माझ्ने गरेकि थिइन् । गाई, भैसी, चराउने गरेकी थिइन् । जनक चौधरीको खेतवारी कम भएकाले जमिनदारको घरमा काम गर्दै आएका छन् । जमिनदारको घरमा जमिन्दारले भने अनुसारको काम गर्नु पर्दछ । साँझ विहान काम गर्ने पर्दछन् । जमिनदारको खेत जोत्ने, मसुर चनो पानीले वगैचामा गोडमेल गर्ने गर्दछन् ।

तुलसीपुर उपमहानगरपालीका वडा.नं. १९ मा वसोवास गर्दै आएका थारु युवाको नाम रमेश चौधरी हाल उनी २० वर्षका भए उनको श्रीमतीको नाम सिता चौधरी हो । रमेश चौधरीले कक्षा १० सम्म पढेका थिए । सिता चौधरीले कक्षा ७ सम्म पढेका छिन् । हाल यिनीहरुको पेषा खेतीपाति गर्ने गर्दछन् । खेतीपातिको काम सकिएपछि रमेश चौधरीले ज्यालादारी काम गर्ने गर्दछन् । त्यसबाट आएको पैसाले घर खर्च चलाउने गर्दछन् । साथिभाइ सँग घुम्ने क्रममा सिता चौधरीसंग चिनजान भयो ।

चिनजान भएपछि तिनीहरुको विस्तारै फेन सम्पर्क भयो दुईजना प्रेममा परे । प्रेम भएपछि १ वर्ष अघि विवाह गरेका थिए । रमेश चौधरीको त्यति धेरै पढाई नभएकाले सरकारी जागिर खाने गरेनन् । यीनले मागी विवाह गरेका थिए । मागी विवाहमा आधुनिक साधन प्रयोग गरेका थिए । उनको विवाह गर्दा अगुवा व्यक्ति सँग केटी हेर्न गएका थिए । लमीका अनुसार विवाह सम्पन्न भयो ।

विवाहमा ससुराको घरमा साँझपख भोज गरेका थिए । ससुरालबाट दाइजो स्वरुप टेलिभिजन, दराज, घडी, मोवाइल पाएका थिए । थारु समुदायले यस खालको विवाहमा केही कपडा दिनु पर्ने हुन्छ यीनले त्यो काम पनि गरेका थिए । आर्को दिन घरमा जन्ति सहित जीपमा लिएर फर्केका थिए । घरमा विवाह संस्कार सम्पन्न भएपछि विवाह भएको हो ।

### ३.५ तथ्यांक संकलन विधिहरू

**घरधुरी सर्वेक्षणः** यस विधि प्रयोग गर्दा थारुहरूको विवाह, जन्म, संस्कार, सामाजिक अवस्था, आधुनिकताको प्रभाव, आर्थिक र परिवर्तन अवस्थाको बारेमा जानकारी हाँसिल गर्ने सहयोग पुऱ्याउँछ । यस शोध अध्ययनमा थारु समुदायको विवाह संस्कार जानकारी लिने क्रममा ३० घरधुरीलाई नमूना सर्वेक्षणका रुपमा लिएको छ । समय, आर्थिक पक्षलाई ध्यान दिएर ३० घरमात्र समेटिएको छ । ३० घर नमूना लिँदा पनि थारुको सम्पूर्ण जानकारी हाँसिल गर्न सकिन्छ । सर्वेक्षण थारु समुदायको स्थितीको वारे अवलोकन गरेर सर्वेक्षण गरिएको छ ।

### अन्तरवार्ता

तथ्यांक संकलन गर्ने प्राथमिक विधि अन्तरवार्ता भरपर्दो मौखिक विधि हो । यस विधि प्रयोग थारु समुदायमा विभिन्न संस्कार, जन्म, मृत्यु, आधुनिक प्रभाव, विहेवारी मध्ये परम्परागत परिवर्तन अन्य जातिको सम्बन्धी व्यक्ति धारणा बुझ्ने क्रममा यिनीहरूको पूराना पिँढी, यूवा युवतीहरू, बुद्धिजिवी, शिक्षक, राजनीतिज्ञ लगायत व्यक्तिहरूसँग प्रत्येक कुरा गरी शोधकार्य अगाडि बढिएको छ । यस शोध अध्ययनमा संलग्न व्यक्तिहरूले यिनीहरूको समुदायमा परम्परागत

विवाह संस्कार र नयाँ परिवर्तित विवाह संस्कार वारेमा जानकारी हाँसिल गरियो । यस तुलसीपुर उपमहानगरपालिका वडा नं १९ मा वसोवास गर्ने थारु समुदायको स्थानीय निजी विद्यालयकी शिक्षिका पार्वती चौधरीको भनाइबाट यिनीहरूको समुदायमा रहेको विहेवारी अन्नय जाति समुदाय जस्तै रहेको कुरा वताईन । यिनीहरूको परम्परागत रिती संस्कार खास थाहा नभएको कुरा वताउनु यिनी एक अविवाहित यूवती हुन् ।

वालवालिका शैक्षिक अवस्थामा व्यापक परिवर्तन भएको पाईयो । यिनीहरूका समुदायका वालवालिकाहरू खेतवारी नभई विद्यालयमा जाने गर्दछन् । सरकारी र निजी विद्यालयवाट शिक्षा लिने गर्दछन् । आर्थिक अवस्थाले गर्दा यिनीहरूका समुदायका वालवालिका सरकारी विद्यालय बढी जाने गर्दछन् । अन्तरवार्तावाट के थाहा पाइन्छ भने वालक र वालिकामा खासै भेदभाव नरहेको तर घरमा पूरुषको बढी महत्व दिने गर्दा रहेछन् ।

**सहभागी अवलोकन**

शोध अध्ययन गर्ने क्रममा थारु समुदायको चाडवाड विवाह संस्कारमा प्रत्यक्ष अवलोकन गर्ने गरियो । थारु समुदायले दशैं तिहार तथा माघी मनाउने गर्दछन् । माघी पर्वको प्रत्यक्ष सहभागी हुँदा धेरै कुरा जानकारी प्राप्त भयो । माघी थारु को मुख्य चाड हो । यस चाड माघ १ रहने गर्दछन् । यस दिनको अघिल्लो दिन यहाँका थारु समुदायले सुँगुर काट्ने गर्दछन् ।

यिनीहरूले घर सफा चिटिक्क लितपोत गर्दछन् । कसैकसै थारु, थरुनीहरू नजिकै खोलामा माछा मार्न जाने गर्दछन् । माछा यिनीहरूको प्रिय खाना हो । थारु समुदायले माघिमा ढिक्री वनाउने गर्दछन् जुन चामल पिठो बन्ने गर्दछ । जुन जुन लामा लामा आकार हुने गर्दछ । तहसला पकाउने गरेका हुन्छ त्यस भित्र पानी राख्दछन् माथीवाट पराल जुन पानीको भागलाई छोएको हुँदैन । तलवाट आगो बालिन्छ वाफद्वारा पकाउने गर्दछन् । आजकल कतिपय थारुहरूले ढिक्री पकाउन छाडेका छन् ।

थारु विवाह एउटा महत्वपूर्ण संस्कार हो । यिनीहरूका समुदायमा विवाहलाई धुमधाम गरी गर्ने गर्दछन् । कसै कसैले सामान्य विवाह गर्ने गर्दछन् । यिनीहरूको समुदायमा विवाह गर्दा घरको मुल ढोकाको अगाडि गेट वनाउने गर्दछन् । घरको अगाडि रङ्गीचङ्गी धागोको डोरीमा बाँधेर कागजलाई काटेर रङ्ग्याउने गर्दछन् । मूल गेटमा रातो कपडामा "शिमु विवाह" लेखेको व्यानर टाँसेका हुन्छन् । विवाहमा दुलाह, दुलहीलाई रातो टिका लगाइदिने चलन रहेको छ । (केटा) दुलहाले ढाका टोपी र (केटी) दुलहीले रातो साडी लगाउने गरेका हुन्छन् । रातो टिका निधारमा गाला भरि लगाइएको हुन्छ ।केटाले दुवोले वनाएको माला लगाएका हुन्छन् । केटीले पनि माला लगाएका हुन्छन् । साथै पैसाले वनेको माला पनि लगाएका हुन्छन् । विहे भोजमा सुङ्गुर काट्ने गर्दछन् । आज भोलि खसी बढी जसोले काट्ने गर्दछन्

। वियर, लोकल रक्सी, जाँड, विभिन्न पेय पदार्थ विवाह घरमा आउने इष्टमित्रलाई खुवाउने गर्दछन् ।

थारुको महत्वपूर्ण चाड मध्ये तिहार पनि हो । यिनीहरूले अन्य हिन्दु समुदाय जस्तो धुमधाम रुपमा नमनाएपनि तिहारमा रोटी पकाउने, मासु पकाएर खाने चलन तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ वासेवास गर्ने थारु समुदायले गर्दछन् । तिहारमा घरको मुल ढोका अगाडि मूल ढोका लिपपोत गर्ने र घरको ढोकामा वावले वुनेको तोरन टाङ्ग्ने गर्दछन् । यस दिन यिनीहरूले जाँड रक्सी खाने गर्दछन् ।

यस दिनमा यिनीहरूको समुदायमा दाइ, भाइ, दिदी, वहिनी वत वस्ने चलन रहिआएको छ । यिनीहरूले टिका टाला गर्ने आफ्ना वहिनी दिदीलाई पैसा दिने चलन छ । एक मात्र बिहिनी भएमा १५०० सय रुपैया सम्म पैसा दिने चलन रहेको छ । तिहारमा यिनीहरूले, फिनीरोटी, सेल बनाउने व्रोइलरको मासु ल्याउने खाने रमाइलो गर्ने गर्दछन् ।

थारु सामुदायले गर्ने विवाह संस्कार हो जुन शिक्षा, यातायातको विकास, सञ्चार, टेलिभिजनको प्रभावले यिनीहरूको समुदायमा रहेको जारी, भाउजु, विवाह, माघी विवाह जस्ता विवाहरूमा फरक हुँदै गएको छ । अन्तरजातीय विवाह पनि एक किसिमको प्रभाव वढ्दै गएको छ । अन्य जातीका केटीहरूसँग विवाह गर्दा पनि यिनीहरूले मान्यता दिने गर्दछन् । परम्परागत मागी विवाहको तरिका पनि क्रमिक परिवर्तन हुदै गएको छ ।

यस प्रकारको खाने चलनलाई लवाङ्गी खवाइना भनिन्छ । त्यस तुलसीपुर उपमहानगरपालिका वडा नं १९ बस्ने थारु समुदायमा लवङग्यहा पूजा गर्ने खास चलन रहेको छैन ।

**वैयक्तिक अध्ययन**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा वसोवास गर्दै आएका थारुसमुदायको एक यूवाको नाम गोपाल चौधरी हो । यिनको हालतको उमेर २३ बर्षको छ । यिनको घरमा वुवा आमा, वाजे, वज्यै र एउटा श्रमती पनि छन् । यिनले कक्षा ८ सम्म अध्ययन गरेका थिए । यिनको मुख्य पेशा खेतीपाती हो । आजभोली यिनले ज्यालादारी काम गर्दै आएका छन् ।

यिनले प्रेम विवाह गरेका हुन् । हाल यिनले विवाह गरेको दुई वर्ष भयो । आफ्नो इष्टमित्रसँग केटीको घर गएको वेलामा प्रेममा परि विवाह गरेका हुन् ।

दैनिक ज्यालादारीवाट आएको पैसाले घरमा चाहिने कपडा, लत्ता किन्ने तथा अन्य खर्च गर्ने गर्दछन् । यिनले आफ्ना समुदायको विवाहमा फरक हुँदै गएको भएको र परम्परागत विवाह संस्कारमा कमि आएको कुरा वताए । यिनको जनजीवनमा शिक्षा स्वास्थ्य, टेलिभिजनको प्रभाव परेको छ । यिनको श्रीमतीको नाम मीरा चौधरी हो । हाल यिनी २० वर्षकी भएपनि कक्षा १० सम्म पढाई गरेकी मिराले प्रेममा परेर गोपाल चौधरीसँग विवाह गरेकी हुन् ।

गोपाल चौधरीको पढाई कमि भएकाले सरकारी जागिर खाँदैनन् । यिनले आफ्नो समुदायमा हुने विवाह, जन्म संस्कारमा सहभागी हुने गर्दछन् । धेरैजसो विवाह अफ्नै थारु समुदायको केटाकेटीविच हुने गर्दछ । शिक्षा स्वासथ्य, अनय विकास जातइि भावना घट्न गई अनय जाती समुदायसँग पनिविवाह नु क्रम रहेको छ । परम्परागत हुने भागी विवाह पनि परिवर्तन हुँदै गएको छ । यिनीहरूको पुराना पुस्ताले भागी विवाह डोली चढेर जानु पर्थ्यो भने आज भागी विवाहमा वस, ट्रयाक्टर, जीप प्रयोग गर्ने गर्दछन् । मासुमा स्थानीय रुपमा पाइने सुङ्गुर मात्र नभएर व्रोइलरको मासु पनि प्रयोगगर्ने गर्दछन् । नयाँ नयाँ साधनको उपलब्धताका कारणले पुराना विवाह संस्कार क्रमशः वदलिँदैगएका छन् । विहेवारीमा पनि आधुनिक समान, दराज, टेलिभिजन, मोवाइल दाइजो दिने गर्दछन् ।

यिनको श्रीमतीले दैनिजसो घरायासी काम गर्ने गर्दछन् । गाई, सुङ्गुर, हाँस पालेर हेरचाह गर्ने घरमा सरसफाई खाना पकाउने गर्दछिन् ।

गोपाल चौधरीको घरको अवस्था कमजोर छ । खेतीपाती अलावा दैनिक ज्यालादारी काम नगरेमा खाना पुग्दैन । हाल यिनका वाजे वजै, वुवासँग वस्दै आएका छन् । यिनको वाजे वुवाले साटासट विवाह गरेका थिए । तर यिनले प्रेम विवाह गरेका थिए ।

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ हाडिमे दाङ बस्दै आउनु भएको थारु समुदायमा मताउको काम गर्दै आउनु भएको । व्यक्तिको नाम कुल बहादुर चौधरी हाल उनको उमेर ६७ वर्ष भएको छ । यहाँको थारु समुदायमा मताउको काम गर्दै आएका छन् । यिनकिो श्रमितिको नाम जुठी चौधरी हो । यी दुवैजनाको विवाह साटासाट भएको हो । थारु समुदायमा मृत्य संस्कार भएर पूजा गर्दा तथा बाटो, पानी, झारा काम गर्दा थारु समुदायम

मताउनको अनुमति लिने गर्दछन् । थारु  समुदायमा झै-झगडा, विवाह जस्ता संस्कारमा यीनको भूमिका हुने गर्दछन । कुनै महत्वपूर्ण कार्य गर्दा यस दीन थारु समुदायका मानिस मताउको घरमा जम्मा हुने गर्दछन् । उपस्थित मानिसहरुलाई जाँड, खसी, खुवाउने गर्दछन् । विगतमा कुल बहादुर चौधरीले खेतिपातिको अलवा घोडा लाट्नेकामा गर्ने गर्दछन् । आज भोलि उमेरका कारण उक्त पेशालाइर्ई छाडेर घरमा बस्ने गर्दछन् । उमेरको समयमा घोडाबाट कोइलावास जाने त्यहाँबाट सामान लिएर सल्यान, रोल्पा लगायत ठाउँमा पुऱ्याउनु जवाने गर्दथे । यीनले विवाह साटासाट गरेको थिए । हाल यस्तो विवाह यिनीहरुको समुदाय न्यूनमा मात्रामा हुने  गर्दछ । यीनले  गरेको जस्तो विवाह आज भोली खास नएको देखिन्छन् । साटासाट विवाह अर्को घरको घोरी ल्याएको थिए उनको घरबाट छोरिलिएको घरको छोरासँग विवाह गरेका थिए ।

यिनको श्रीमीत खेतीपानि गर्ने नातिनातिना हेर्ने गर्दछिन् । गाउँका इष्टमित्र सँग बस्ने मताउ घरमा आउने थारु समुदायलाई स्वागत गर्ने गर्दछन् । घर नजिकै रहेको खेतलमा गएर काम गर्ने गर्दछिन् ।



**कुल बहादुर चौधरी**

## ३.६ तथ्यांकको विश्लेषण विधि

शोधकार्य अध्ययन अनुसन्धानको सफलता संकलन गरिएका तथ्यांकहरूको प्रभावशाली विश्लेषण तथा प्रस्तुतीकरणमा पर्छ शोध कार्य अध्ययन प्राथमिक तथा द्वितीय श्रोतबाट प्राप्त भएका आवश्यक सूचना तथा तथ्यांकलाई गुणात्मक, संख्यात्मक र वर्णनात्मक आधारमा तथ्यांकको विश्लेषण गरिएको छ ।

## ३.७अध्ययन सीमा

अनुसन्धान भनेको निश्चित, समयभित्र, निश्चित विषयमा केन्द्रीत रही गर्ने कार्य हो । नेपालको तराई वसोवास गर्ने थारू समुदायको सवै अंगमा वसोवास गर्ने अध्ययन गर्न कठिन पर्ने भएकाले दाङ्ग जिल्लाको तुलसीपुर उपमहानगरपालिका १९ वडालाई अध्ययन सिमा निर्धारण गरिएको छ । यस अनुसन्धान यस क्षेत्रका थारू समुदायको मात्र सीमित रहेको छ । तसर्थ शोध कार्यको अध्ययनवाट नेपालमा सम्पूर्ण तथ्यांकहरूको प्रतिनिधित्व नगर्न सक्छ ।

## ३.८ शोध अध्ययनको सैद्धान्तिक मेल

प्रतिकात्मक सिद्धान्तको विकास सन् १९६०-७० को दशकमा भएको हो । यो सिद्धान्त अनुसार प्रत्येक सामाजिक तथा सांस्कृतिक व्यवस्था प्रतिक (symbol) हुने गर्दछन् । तिनीहरूले विभिन्न अर्थ दिने गर्दछन् । प्रतिकलाई संस्कृतिको मुटुका रुपमा लिने गरिन्छ । हाम्रो समाज सञ्चालन प्रतिक आधारमा चलेको हुन्छन् । संस्कृति मानिसको जीवन मार्ग हो । संस्कृति विना मानिस रहन सक्दैनन् । ती संस्कृतिले प्रतिकको अर्थ दिने गर्दछन् । प्रतिकवाट नै मानिस, समुदाय, सामाजिक, सांस्कृतिक व्यवस्था नियन्त्रीत, निर्देशित र व्यवस्था हुन्छ । प्रतिकवादको व्याख्येता एवं अध्येता भिक्टर टर्नरका अनुसार प्रतिकहरूको अर्थ स्थान र परिवेश अनुसार लाग्दछ ।

कोलिन्सको समाजशास्त्र शब्दकोश कुनै व्यवहार, घटना, क्रियाकलाप विचार, आदर्श भाषा आदिको अप्रत्यक्ष रुपमा प्रतिनिधित्व निर्दिष्ट सन्देश दिने क्रियालाई नै प्रतिक (symbol) भनिन्छ । R.P. Laman, and RT Schaeferप्रतिकहरू वस्तु भाषा हुन जुन मानव र सञ्चारका आधारमा निर्धारण हुने गर्दछ ।

संस्कृति भनेको मानिसको जीवन पद्धति हो । संस्कृति विना मानिसलाई पशुपंक्षीसँग तुलना गर्न सकिन्छ । सांस्कृतिक प्रक्रियासँग मानिसको समुदायको घनिष्ट सम्बन्ध हुन्छ ।

हाम्रो सामाजिक घटनाहरू सांस्कृतिक घटना, रितिरिवाज, चाडपर्वहरू हुन् । यिनीहरूले मानिस तथा समुदायलाई जीवन रुपमा अगाडि बढाउन सहयोग गर्दछन् । संस्कृति भित्र विभिन्न प्रतिक हुने गर्दछन् जसले सामाजिक सांस्कृतिक व्यवस्थालाई परिचालन गरेका हुन्छन् । प्रतिकहरू वढी, भौतिक अर्थ दिने खालको हुन्छन् जहाँ भौतिक र अभौतिक दुवै समेटिएका हुन्छन् । यिनीहरू भाषा, सांस्कृति गुणहरू अदिती हुन्छन् । संस्कार एउटा चेतनशिल प्राणी हुन्छ पशुपंक्षिमा हुँदैन जसले समाजलाई क्रमवद्ध अगाडि बढाउने गर्दछन् ।

# अध्याय चार

# अध्ययन क्षेत्रका परिचय

## ४.१. तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ को परिचय

तुलसीपुर राप्ती अञ्चलको सदरमुका हो जहाँ १देखि १९ वडा पनि रहेका छन् । ती मध्ये वडा नं. १९ पहाड तथा तराई (समथर) भूमि मिलेर बनेको छ । यो वडा निकै रमणीय ठाउँहरू मिलर वनेको छ । यो ठाउँलाई घोराही तुलसीपुरको रोडले छोएको छ । त्यसैगरि यहाँवाट दाङ्ग हुँदै रोल्पा दहवन जाने मोटरवाटो यसै वडा भएर जाने गर्दछ त्यसैगरि होलरी दुधरास सिमेन्ट मोटर वाटो विजौरी घिल्लीकोट मोटरवाटो यसै वडा भएर जाने गर्दछ । यो वडाको छेउ भएर र ग्वारखोला बग्ने गर्दछ ।

**हावापानीः** यस वडाको हावापानी समथर भागमा गरम र पहाडमा न्यानो हुने गर्दछ । विशेषगरि आसाढ, साउन र भदौमा पानी पर्ने गर्दछ । यो वडामा हिउँदमा कुहीरो बस्ने गर्दछ । चैत्र, वैशाख, जेष्ठ महिनामा यहाँ गर्मी हुने गर्दछ ।

**प्राकृतिक सम्पदाः** यो वडामा घना जङ्गल रहेको छ । ठूला सालका रुखहरू यहाँ पाइने गर्दछन् । त्यस्तै अन्य काठका रुख पनि पाइने गर्दछन् । यो वडा पहाडी भागमा सुगन्ध कोकीला अर्थात मालागिरी पाइने गर्दछ । यसलाई अत्यन्तै वासनादारा मानिन्छ । यहाँका जंगलमा मयूर अन्य मृगहरू पनि पाइने गर्दछन् ।

**ऐतिहासिक अवस्थाः** यो वडामा ग्छिल्लीकोटको कालीकामालिका मन्दिर रहेका छन् । जुन उच्च टाकुरामा रहेको छ । यो मन्दिरमा वर्षमा एकपटक मेला लाग्ने गर्दछ । मन्दिर दर्शन गर्नका लागि दिनहुँ धार्मिक पर्यटक जाने गर्दछन् ।

## वडा न. १९ को जनसंख्या विवरण

यस वडा नं. १९ मा विभिन्न जातजाति वस्ने गर्दछन् । क्षेत्री ब्राह्मण, थारू, मगर, कामी, दमाई, सार्की आदि । यहाँ विषेश गरेर क्षेत्र, ब्राह्मण, थारू, मगर जातीको बसोवास वाहुल्यता रहेको छ भने अन्य जातीहरू न्यूनमात्र बस्ने गर्दछन् । यहाँका मानिसहरू धेरैजसो कृषि पेशामा लागेका छन् । कतिपय मानिसहरू व्यापार, वैदेशिक रोजगार, शिक्षक, काष्ठ

उद्योगमा काम गर्ने गर्दछन् । यहाँका मानिसका वालवालिकाहरू सरकारी र निजी विद्यालयमा पढ्न जाने गर्दछन् । पुरुषहरूले घर बाहीरको काम गर्ने र महिलाहरूले घरायसी काम गर्ने गर्दछन् । थारू समुदायका पुरुषहरू खेतीपातीको काम गर्ने र महिलाहरूले पुरुषहरूलाई काममा सघाउने गर्दछन् ।

कतिपय थारू समुदायका पुरुषहरू नोकरी गर्ने कतिपय व्यापार, वैदेशिक रोजगार, फर्निचर र उद्योगमा काम गर्ने गर्दछन् भने कतिपयले घर वनाउने काम गर्दछन् । महिलाहरूले प्रायजसो घरायसी काम गर्ने गर्दछन् । थारू समुदायका महिला पुरुषहरूले माछा मार्न वहुत रुचाउने गर्दछन् । महिलाहरू नजिकैको जङ्गल गएर पात टिपेर दुना, टपरी बनाउने गर्दछन् । यहाँका थारू समुदायको घर धेरैजसोको एकै ठाउँमा वस्ने गर्दछन् । यिनीहरू टिनले छाएको, टायल तथा ढलान गरेको घरमा वस्ने गर्दछन् । यिनीहरूको घरको नजिकै टिनले छाएको शौचालय हुने गर्दछन् । थारू समुदायले गाई, भैंसी, सुँगुर, भोडा, हाँस पाल्ने गर्दछन् । गाई भैंसीलाई घर नजिकै बाध्ने गर्दछन् जसले गर्दा घर परिपरि फोहोर हुने गर्दछ । खेतिपातिमा गोरु, राँगोको प्रयोग गरी खेत जोत्ने गर्दछन् । यिनीहरूले जाँड रक्सी पिउन मन पराउँछन् । यिनीहरू सामुहिक रुपमा वस्ने गफ गर्न रुचाउँछन् ।

# अध्यायपाँच

## थारु समुदायको विवाह

### ५.१ थारु समुदायको परिचय

तराईका आदिवासी जातिका रुपमा थारु समुदायलाई लिइन्छ । यिनीहरू तराईमा सयौं वर्षदेखि बसोवा गर्दै आएका छन् । तराईको मलेरिया अर्थात् औलो लाग्ने अवस्थामा समेत यिनीहरू बसोवास गर्दै आएका हुन् । जसलाएं यहाँका भूमी पुत्रका रुपमा चिनिन्छन् । औलो उन्मुलन भएदेखि पहाडीया समुदाय ब्राम्हण, क्षेत्री, मगर, गुरुङ, ठकुरी कामी र दमाइ बसाइ सराइ गरी बस्न थालेका हुन् । थारु समुदायमा अन्य समुदायको संगतले गर्दा विस्तारै यिनीहरूको संस्कारमा संस्कृतिमा अन्य समुदायको प्रभाव बढ्दै गएको हो । यिनीहरूको समुदायमा पुराना, पुस्ताहरूले आफ्नो परम्परागत संस्कार, रितिरिवाज, चालचलनमा पुरानै कायम राखेका छन् । भने नयाँ पुस्तामा अन्य समुदाय तथा आधुनिकताको प्रभावले गर्दा पुर्खाहरूले गर्दै आएका संस्कृतिमा क्रमशः परिवर्तन हुँदै गएका छन् । यस शोधपत्र अध्ययनमा तलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा बसोवास गर्ने थारु समुदाय पुस्तोदेखि बस्दै आएका छन भने अन्य समुदाय ब्राम्हण, क्षेत्री, मगर, कामी, दमाए, सार्की र ठकुरी विस्तारै बसाई सराई गरी यो ठाउँमा बस्दै आएका छन् । जसको प्रभाव यिनीहरूको समुदायमा पनि पर्दै गएको हो । यिनीहरूको समुदायमा भाषा तथा, भेषभुसा, संस्कार, चाडवाडमा अन्य समुदायको प्रभाव परेको हो ।

थारुजातिको विवाहमा कन्यौति प्रथा थियो । यसमा केटीको बावुले केटीको मोल लिन्थे । गरिव आमाबावु यस प्रथाले गर्दा आफ्ना छोरीको विवाह बुढो, कुरुप, विधुर र स्वास्नी भएका व्यक्तिसित गरिदिन्थे । नेपालमा प्रजातन्त्र आएपछि थारु कल्याणकारी समितिले मोरङ, सप्तरी दाङ आदि ठाउँमा सम्मेरल गरी थारुहरुमा यो प्रथाहरु खत्तम गर्ने आह्वान गरेको छ । (डा. शर्मा २०४४)

मोरिङ्गिया थारु दुलही हुने केटी स्वास्थ हुनुको साथै गृहकार्य चलाउन व्यावहारिक शिक्षामा निपूण, मेहनती र चारित्रिक हुनु अत्यन्तै आवश्यक छ । यी गुण नभएको खण्डमा केटीहरुको विवाह उच्च र धनी परिवारमा हुन गाह्रो हुन्छ । थारुहरुका थर र उपथरमा एकले आर्कोलाई होच्याउने र आफूभन्दा सानु मान्ने गर्दछन् । सप्तरि जिल्लामा विवाहको

लागि सात पुस्तको हाडनाता छुट्याउने गर्दछन् । सप्तरीमा विवाह गर्दा कुल-अकुल छुट्याउने रुढिवादी विचारधार पनि छ । अचेल कोचिला थरकी केटी र त्यस्तै लम्पुच्छवा थरको राना थरमा फाट्टफुट्ट दुई चार विवाह भएको उदाहरण देखिन्छ । तर यस प्रकारको विवाहको व्यापकता अझै भईसकेको छैन ।

थारुजातिका विवाह, नियम र विधिविधान, ठाउँ अनुसार वेग्ला-वेग्लै हुन्छ । सप्तरीको कोचिया थरको थारुहरुको विवाहको प्रथम चरण देखसुनी । त्यस पछि घरदेखि कुमौरन, वरादी, सिन्दुरदाता, मर्यादा र लौटनी हुन्छ । पर्सा जिल्लाको गढवाली घरमा छेकन, पनचढी, मटकोर, द्धारपुजा, कन्यादान हुने गर्दछ । कोचिला थारुमा आएको विवह परिवर्तन पहिला वालविवाहको प्रचलन थियो र अहिले अशिक्षित समाजमा कायम छ भने शिक्षित समाजमा कम भइसकेको छ । (मटुपक २०४१)

थारुहरुमा एक पत्नी विवाह प्रथा हुन्छ । विवाह हुने दिन वरले देउहरुमा गुरुवाको निर्देशनमा पूजा गर्दछ । उसले चक्कुलाई पूजा गर्दछ र विवाहभरि वेहुला नल्याउन्जेल सँगै राख्दछ । विावाहमा जन्ती जानु अघि गुरुवाले तोरीको तेलले छर्की आर्शिवाद दिन्छ । कालो दालको तारेको रोटी परिवारमा खाना वाडिन्छ । वरसित पचास-साठी जना जन्ती जान्छन् । जन्तीजाँदा ढोलक र बाजा बजाउँदै जान्छन् । वाटामा गाउँलेले खान-पिउनु दिन्छन् । खाना हेरी एक-दुई रुपैया जन्तीले दिन्छन् । कन्याको घर आएपछि देवस्थलमा गई दर्शन गर्दछन् । (जनकलाल शर्मा ४०६)

थारु समुदायमा पारपाचुके र जारी प्रथा पनि सरल छ । थारुहरु “भ्वार पस्ने” चलन पनि छ । यस अनुसार अभिभावकले विधवा बुहारीलाई केटा खोजेर पुनः विवाह गरी आफ्नो छोरो जस्तो वनाएर राख्ने गर्दछन् । स्वास्नी पोइलाई गएमा रु ६००।- सम्म जारी भराइदिने सामाजिक रीति पनि देखिन्छ ।

आजकल कुनै थारुले भगाएर पनि स्वास्नी ल्याउँछ, त्यसलाई उडाएर ल्यायो भन्छन् । त्यसलाई खाली घरमा ल्याएर पर्साउँछन् । विवाह भइसकेकालाई उडाएर ल्याएमा जारी तिर्नुपर्छ । कुनै केटाले मन परेको केटीलाई सुटुक्क भगाई लगेमा केहि जरिवाना र दस्तुर केटीको बावुआमालाई नतिरे सम्म केटाले फर्केर आउन पाउँदैनन् ।

(जनकलाल शर्मा ४०६-४०७)

सानै उमेरमा दिएकी केटी विवाह नहुँदै अर्को केटासित प्रेम गरी पोइला गई केटाले भगाएर लग्यो भने विवाहको सम्झौता तोडिएको मानिन्छ । केटीको बाबु उसका मानिस जमात भई केटीको घरमा वलजप्ती केटीलाई फिर्ता गर्दछन् । फर्काएको केटीलाई कुटपिट गरि बाँधेर केटीलाई तव सम्म राख्दछन् जवसम्म उसले वाल्ययकालमा दिएको लोग्ने सँग राजी हुन्न । माइती प्रेम प्रेम गरी भाग्ने केटीलाई ल्याउन नसके केटातर्फका मानिस गई वलजफ्त त्याएर विवाह गर्न बाध्य गराउँछन् । यस काममा केटाको माइत र केटा पक्षका दुवै असफल भए वाल्यकाल विवाह गर्न प्रस्तावित लोग्नेले प्रेमविवाह गर्न लोग्नेबाट जारी उठाउन हकदार हुन्छ । राना थारुको जारी चार-पाँच हजारसम्म तिर्नु पर्दछ । जगोराको, कठरियाको, एक-डेढ हजार सम्म जारी तिर्नु पर्दछ । थारु समुदायमा दाजु मरेपछि भाउजुलाई देवरले स्वास्नीको रुपमा राख्ने चलन छ । भीमसेन थापा मुखिया रहँदा नेपालमा भाउजु वेहोर्ने प्रथा रहेको देखिन्छ । (शर्मा २०४४)

तलसीपुर नगरपालिका वडा नं १९ मा थारु समुदाय धेरै पहिलेदेखि बस्दै आएका हुन् । यिनीहरूको शारीरिक वनावट कालो वर्ण, कतिपय गहुँगोरो वर्ण कसौंता चेप्टा नाक भएका छन् । दाह्री जुँगा पातलो आकार हुन्छन् । यो ठाउँमा बसोवास गर्ने थारु समुदायको परम्परागत पोशाक, धोती, कुर्ता, कमिज हुन् । शिक्षामा अन्य जातिको तुलनामा पछाडी नै रहेका छन् । यिनीहरूको प्रमुख चाडहरूमा माघी, फागु, वडकी आइतवार, रामनवमी, दशैं, तिहार नाग पञ्चमी आदि हुन । शिक्षामा कमजोर अवस्थाले गर्दा यिनीहरूको समुदायमा गरिवी, वालविवाह विभिन्न अन्धविश्वास रहेका छन् । प्रचलित विवाहमा मागी विवाह नै छ । प्रेम विवाह विस्तारै हुँदै गएको छ । अन्य विवाह जारी विवाह र साटासाट विवाह पनि हुने गर्दछ । यिनीहरूको समुदायमा दाजुको मृत्युपछि भाउजु विवाह गर्ने चलन पनि रहेको छ । थारु समुदायमा विभिन्न थर रहने गरेका छन् । दंगोरिया, कठरिया, चौधरी, जोगीकवर, रौतार आदि । यहाँको थारु समुदायमा थरमा चौधरी लेख्ने चलन बढी छ कसैकसैले थारु लेख्ने गर्दछन् ।

विष्ट (१९६७) का अनुसार थारुहरूलाई मुख्य गरी २ वर्गमा बाँडेको पाइन्छ । ती हुन् प्रधान र अप्रधान । प्रधानहरू ६ किसिमका हुन्छन् र अप्रधानहरू २६ किसिमका समुहहरू हुन्छन् । यसरी थारुहरू जम्मा ३२ समूहमा बाँडेको पाइन्छ । प्रधानहरूआफुलाई अप्रधान भन्दा

सामाजिक रुपले प्रतिष्ठित ठान्दछन् । तर थोरै केही परिवार समूहले बाहेक प्रधान र अप्रधानको फरकलाई धेरैले विभेद गरेको हुँदैनन् ।

### ५.१.१ विवाह

थारु समुदायमा अन्य समुदाय जस्तै आफ्नै किसिमको विवाह संस्कार हुने गर्दछ । यिनीहरूले विवाहलाई एक जिम्मेवारी पवित्र, धार्मिक बन्धन रुपमा लिने गर्दछन् । विवाह अघि हुने शारीरिक सम्बन्धलाई यिनीहरू मान्यता दिँदैनन् । अपवित्र रुपमा लिने गर्दछन । विवाह गरिसके पछि मात्र शारिरिक सम्बन्धलाइए उचित ठान्छन् ।  विवाह नहुँदै बच्चा जन्माउने यिनीहरूले मान्यता दिँदैनन् ।  यिनीहरूको समुदायमा विवाह गरे पुत्र प्राप्त भएपछि सवर्गको बाटो खेल्न भन्ने यिनीहरूको समुदायमाप्रचलित छ । विवाहित स्त्रीले परपुरुषसँग राख्ने सम्बन्धलाई पनि घृष्णा गर्ने गर्दछन् । तलसीपुर उपमहानगरपालिका १९ नं. वडामा बसोवास गर्ने थारु समदायमा हिन्दु परम्परागत रुपमा विवाह गर्ने चलन रहेको छ । थारु समुदायमा  विवाह मुख्यतया ४ किसिमबाट हुने गदर्दछ ।

(क)  मागी विवाह  (ख) साटासाट विवाह (ग) जारी विवाह (घ) विधुवा विवाह

### (क) मागी विवाह

यो जातिमा बढी चलन चल्तीमा भएको मागी विवाह पद्धति हो । यस अनुसार केटा वा केटीको अभिभावकले वर वा कन्या खोजी गरी सकेपछि वा अगुवा (केटा केटीको चाजो पाजो मिलाउने व्यक्ति) ले वर वा कन्या खोजीसकेपछि  केटा पक्षका अभिभावकले केटी पक्षका अभिभावकलाई एउटा भोज दिन्छन् । त्या भोज खुवाई सकेपछि विवाहको लागि पक्का पक्की भएको मानिन्छ । त्यही भोजको दिन विवाह निर्धारण गरिन्छ । विवाहको ३ वा ५ दिन अगाडि नै आफ्ना नातागोतालाई बोलाउने र भोज दिने व्यवस्था छ । यिनीहरूको भोजमा सुंगुर काट्ने छलन छ । आप्ना यष्ट मित्र नातागोतालाई जाँड रक्सी खावाउने चलन छ । वरलाई उसका दिदी बहिनीले ३-४ दिन अगाडिदेखि नै दैनिक दिउँसो वुकुवा धसी दिन्छन् । बुकुवा घस्ने काम सिद्धिएपछि वरलाई गाउँका देवी देवताको मन्दिरमा पुजा गराई वधुको घरमा जन्ती सहित डोलीमा राखेर लगिन्छ । तर आजकल प्रया: टेक्टरमा

जन्ती जाने चलन छ। कतिपयले बसमै लैजान्छन्। दुलहाले सेतो पगरी, सेतो कमिज, सेतो सुरुवाल र कालो जुत्ता लगाई हातमा छुरी (कटार) लिएका हुन्छन्। यसरी दुलहाले हातमा लिने छुरीलाई कटार भन्दछन् जुन सात वटा धातुहरू मिलाएर बनाइएको हुन्छ। यो कटार कम्मरमा बाँधेर हिड्ने चलन पनि छ।दुलहीका लागि कपडा, गहना, श्रृगांरका समान जन्ती संगै लैजान्छन्। दुलहीको कपडा प्रायः राता हुनछन् गहनामा बढी चाँदीको प्रयोग गरिन्छ। कन्या पक्षका अभिभावकले पनि ३-५ दिन सम्म बुकुवा लगाई दिने गर्दछन्।

तलुहश्र पक्षका आफन्त, इष्ट मित्र, नातागोता र छरछिमेक बोलाइ भोज जुवाउँछन्। वुकुवा लगाउँदा मिठा मीठा गीत गाउने चलन पनि रहेको । कन्या पक्षले वरर्ला स्वागत गर्ने चलन रहेको छ । त्यसपछि कन्या पक्षलले वरलाई पूज ागर्नृ गर्दछन् । वरलाई खाना खुवाउने चलन छ । खाना खाने समयमा वरले साइकल, घडी, रेडियो, मोवाइल जस्ता सामान माग्ने गर्दछन्। दुलाहाले मागेको नापाउँदा सम्म खाना नखाने चलन छ । वसले मागेको कुरा कन्याका पिताले वचन दिएपछि मात्र वरले खाना खाने गर्दछन् । खानपिन कार्यक्रम सकेपछि वर र कन्यालाई विवाह मण्डपमा लग्ने गर्दछन् । यिनीहरूको विवाह वैदिन हिन्दु परम्परा अनुसार हनुने गर्ष्दछ । दुलहीका बाबुआमाले घवर र कन्याको खुट्टा सफा पानीले धोइ जल पिउने चलन छ। वरलाई कन्याका बा आमाले दाइजो दिने गर्दछन्। अर्को दिन जन्ती दुलाहालाई खाना खुवाएर जन्ती विदाइ गर्ने गर्दछन् । दुलाहाको घरमा मुल्ढोकाको गेटमा बाँस केरा साल जस्ता विरुवाल गेट बनाउने गर्दछन् जसलाई यिनीहरू स्वागत द्वार भन्ने गर्दछन्। स्वागत द्वारमा शुभ विवाह भनेर रातो कपडामा लेखेर रंगाउने चलन रहेको छ । घर वरिपरि कागजले हरियो राता रङका धोजापतका रंग्याउने चलन रहेको छ। दुलही लिएर घर पुगेपछि दुलाहादुलहीलाई देवहार अर्थाउत माटाका शात्ती भएका स्थानमा गएर देवी देवताको पूजा गरी सपछि मा गृह प्रवेश गराउने चलन रहेको छ।

थारु समुदायमा विवाहका दिन विवाह घरमा ठूलो भोजको आयोजनागने गर्दछन् । यस दिनमा चामलको भात वा चिउरा बनाउने र सुंगुरको मासु खाने चलन छ। यस दिनलाई हर्षबढाइका रुपमा लिने गर्दछन् । प्रसस्त मात्रामा जाँड रक्सी खाने गर्दछन् । दाल, नुन, चामल, तेल, दुलही घरबाट एक दिने पहिले पठाउने गर्दछन् । विवाहका दिन ढोकाका अगाडि एउटा गुन्द्री राख्ने, त्यसको साइडमा वत्ती बाल्ने चलन छ । त्यो गुन्दीमा दुलहा दुलही उभिने त्यस दुलाहा दुलहीलाई चालमको अक्षताले शरीरमा हान्ने चलन छ। दुलहीले

एउटा माटोको भाँडोलाई फोड्ने गर्दछन् । जसलाई पेरै भन्ने चलन छ । माटोको भाँडो फोरिसकेपछि दुलहादुलहीलाई घर भित्र प्रवेश गराउने गर्दछन् । घर भित्र प्रवेश गरेपछि घरमूली सासूलाई नयाँ दुलहीलाई चिनजान गर्ने गराउँदछन् । त्यस पछि दुलहीलाई उपहार दिन गर्दछन् । गृहप्रवेश गरिसकेपछि टिका टाला गराउने चलन छ । दुलहाका बुबा आमाबाट टिका लगाउन शुरुवात गर्ने गर्दछन् । टिका चामल रंग मिलाएर बनाइएको हुन्छ। दुलाहा दुलहीको अगाडि टपरीमा दुवोपाती राखेर आफन्ती गाउँका इष्टमित्रहरूले टिकालगाइदिने र आर्शिवाद दिने गर्दछन् । टपरीमा इच्छा अनुसार रुपैया दिने गर्दछन् । विवाहको दिन विवाह घरमा धेरै रमाइलो गर्ने गर्दछन् । नाचगान गरी साँझ पख खुसी साटासाट गर्ने गर्दछन् । थारु समुदायमा चलनमा रहेको विवाहले एउटा नयाँ जीवन सुरुवातका रुपमा लिने गर्दछन् ।

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा वसोवास गर्ने थारु समुदाय मागी विवाह अन्य विवाह भन्दा बढी प्रचलनमा छ । यस खालको परम्परागत विवाहमा थारु समुदायमा केटाकेटीको इच्छा भन्दा वावुआमाको बढी वोलवाल हुन्थ्यो । वुवा आमाले कुरा मिलाएमा केटाकेटी अस्वीकार गर्न पाउँदैन थिए तर आजकाल यस खालको संस्कारमा परिवर्तन भएको छ । आजकाल केटाकेटी भेट गर्ने र कएक आपसमा मन पराएमा समुदायका अगुवा वावु आमा माग्न जाने गर्दछन् । यहाँको परम्परागत मागी विवाह हुँदा डोली चढाएर लैजानु पर्दथ्यो । आजभोली मागी विहमा गाडी, वस, ट्रयाक्टर, जीप जन्ती, दुलाह लैजाने चलन छ । विगतका वर्षमा वेहुली लिनका लागि साँझ जाने चलन थियो तर आजभोली यस खालको संस्कारमा परिवर्तन भई विहान दुलही लिन जान्छन् । साँझ आठ नौ वजेसम्म दुलाहको घरमा फर्कने चलन छ ।

## तालिका नं. ५.१


## भागी विवाह सम्बन्धी थारु समुायको धारणा

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | २५ | ६२.५ |
| ठीकै | ९ | २२.५ |
| नराम्रो | ६ | १५ |
| जम्मा | ४० | १००।ण्ण |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

उल्लेखित तालिका नं. ५.१ अनुसार जम्मा ४० जना सहभागी सर्वेक्षण उत्तरदातामध्ये भागी विवाह राम्रो रुपमा लिनेको संख्या २५ जना रहेको पाइयो  अर्थात ६२.५ प्रतिशत सहभागी उत्तरदाता रहेको पाइयो । त्यसै गरी यस खालको विवाहर्ला ठिकै रुपमा  ९ जना रहेको पाइयो अर्थात २२.५ प्रतिशत उत्तरदाताले मागी विवाहलाई ठिकै रुपमा लिएको पाइयो । सहभागी उत्तरदाता मध्ये ६ जना उत्तरदाताले मागी विवाहलाई नराम्रो  रुपमा लिएको पाइयो  अर्थात १५ प्रतिशत उत्तरदाताले मागी विवाहलाई नराम्रो रुपमा लिएको पाइयो । सहभागी उत्तरदाता मध्ये पुराना पुस्ताले मागी विावह राम्रो रुपमा लिउको पाइयो भने युवा पिढीका उत्तरदताले यस खालको विवाहलार्य नराम्रो मानेको पाइयो ।

## स्तम्भ चित्र



उल्लेखित स्तम्भ चित्र अनुसार २५ जना सहभागी उत्तरदाताले मागी विवाहलार्य राम्रो रुपमा लिएको पाइयो । भने ९ जना उत्तरदाताले ठीकै रुपमा लिएको पाइयो । ६ जना उत्तरादताले मागी विवाहलाई नराम्रो रुपमा लिएको पाइयो ।

**(ख) जारी विवाह (उडारी)**

जारी विवाह थारु समुदायमा रहेको अर्को प्रचलित  विवाह पद्दति हो । थारु जातिमा सानै उमेरमा विवाह हुने र केटीको तुलनामा केटाको उमेर कम हुने कारणले गर्दा कतिपय केटीहरू अन्य केटा संग हिड्ने गरेको पनि पाइन्छ । यसरी अर्को पति बनाएर हिँडेमा पछिल्लो पतिले अघिल्लो पतिलाई विवाह खर्च वापत केही रकम दिनु पर्दछ । पछिल्लो केटाले कटछीपक्षका नाता गोतालाई इष्ट मित्रलाई भोज खुवाउनु पर्दछ । यस तुलसीपुर उपमहानगरपालिका वडा नं १९ मा वसोवास गर्ने थारु समुदायमा परम्परागत भएपनि आजभोली यस खालको न्यून हुँदै गएको छ ।

**तालिका नं. ५.२**

**जारी विवाह सम्बन्धी थारु समुदायको धारणा**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ५ | १२.८२ |
| ठीकै | २९ | ७४.३५ |
| नराम्रो | ५ | १२.८२ |
| जम्मा | ४० | १००.०० |

स्रोत : स्थलगत सर्वेषण २०७५

उल्लेखित तालिका नं. ५.२ का अनुसार जारी विवाहमा जम्मा ३९ जना उत्तरदाता सहभागी मध्ये यस खालको विवाहलार्य राम्रो रुपमा लिने ५ जना अर्थात १२.८२ प्रतिशत उत्तरदाता रहेको पाइयो । त्यसै गरी जारी विवाहलाइएं नराम्रो रुपमा लिने २९ जना रहेको पाइयो अर्थात ७४.३५ प्रतिशत उत्तरदाताले यस खालको विवाहलार्य नराम्रो रुपमा लिएको पाइयो । सहभागी ५ जना उत्तरदाताले यस खालको विवाहलाय राम्रो रुपमा लिएको पाइयो ।

(ग)    **साटासाट विवाह**

यस ठाउँका थारु जातिले साटासाट विवाह पनि गरेको पाइन्छ । यस्तो विवाहमा एउटा परिवारको छोरा, छोरी अर्को परिवारको छोरा, छोरी संग विवाह गरिन्छ । यस्तो विवाह गर्दा एउटै भोजमा विवाह सम्पन्न गर्न सकिने भएकोले कम खर्चमा विवाह सम्पन्न गर्न मद्दत पुग्ने हुन्छ । विवाहको प्रकृया भने मागी विवाह जस्तै हुन्छ ।

यस खालको विवाह परम्परागत रुपमा भएपनि आज भोली कमै मात्र हुने गर्दछ । शिक्षा, आधुनिक, मान्यता सडक विकास टेलिभिजन, इन्टरनेट, मोवाइल जस्ता साधनको विकासले गर्दा नयाँ यूवा पिँढीहरूले यस खालको विवाह रुचाउन छाडेका छन् । यिनीहरूको समुदायमा शिक्षाको प्रभाव बढ्दै गएको छ । शिक्षाले मानिसको अज्ञानतालाई हटाइ ज्ञान बनाउने गर्दछ । अध्यारो हटाइ उज्यालोतर्फ लैजाने गर्दछ । जसले यस ठाउँमा बसोवास गर्ने थारु समुदायमा चेतनाको विकास भई यस खालका परम्परामा कमि आएको हो । सडक विकासले गर्दा बाहिर समाजसँग सम्बन्ध विकास भयो जसले गर्दा यिनीहरूको परम्परागत धारणा परिवर्तन भयो । टेलिभिजन जसले गलत परम्परामा परितर्वन गर्न सहयोग पुर्यायो । खेतीपातीमा आधुनिक मल, विउविजनको कारण पनि उब्जाउ बढ्न गई आत्मनिर्भर वन्न सहयोग पुग्यो । मोवाइल विकासले गर्दा पनि यिनीहरूको परम्परागत धारणामा परिवर्तन भयो । यिनीहरूका समुदायका यूवा यूवतीहरू वुवा हजुरवुवा आमाले भनेको भन्दा सञ्चार माध्यमले भनेका प्रकाशित भएका कुरालाई आधार मान्न थाले पछि परम्परागत विवाह संसकार परिवर्तन हुन थाल्यो ।

**तालिका नं. ५.३**

**साटासाट विवाह सम्बन्धी थारु समुदायको धारणा**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ९ | २० |
| नराम्रो | ३३ | ७३.३३२ |
| ठीकै | ३ | ६.६६ |
| जम्मा | ४५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

उल्लेखित तालिका नं. ५.३ का अनुसार साटासा विवाह सम्बन्धी थारु समुदायको सहभागी उत्तरदानता मध्ये ९ जनाले यस खालको विवाहलाई राम्रो रुपमा लिने गरेको पाइयो अर्थात् २० प्रतिशत सहभागी उत्तरदाताले राम्रो रुपमा लिइएको पाइयो । सहभागी उत्तरदाता मध्ये ३३ जना उत्तरदाताले साटासाट विवाहलाई नराम्रो रुपमा लिएको पाइयो अर्थात ७३.३३ प्रतिशत सहभागी उत्तरदाता साटासाट विवाहलाई नराम्रो रुपमा लिउको पाइयो । यस खालको विवाहर्लाइ ठिकै रुपमा लिनेको संख्या ३ जना रहेको पाइयो अर्थात् ६.६६ प्रतिशत उत्तरदाता साटासाट विवाहलाई ठीकै रुपमा लिएको पाइयो । उल्लेखित तालिका अनुसार थारु समुदायमा चलन चल्तीमा रहेको साटासाट विवाह धेरै घटिरहेको पाइयो ।

### (घ) विधवा विवाह

थारु समुदायमा अर्को प्रकारको विवाह भनेको विधवा विवाह हो । यस खालको विवाहलाई थारु समुदायको अनौठो खालेको विवाहका रुपमा लिने गर्दछन् । दाजुको मृत्य पछि भाइले भाउजुसँग विवाह गर्ने चलन रहेको छ ।

थारु सदयाको विवाहले शारीरक सम्बन्ध बच्चा बच्ची जन्माउने अनुमति दिएका हुन्छ । यिनीहरूले विवाहलाई सामाजिक प्रक्रियाका रुपमा लिने गदृछन् । यिनीहरूले जिम्मेवार रुपमा लिने चलन रहेको छ। खेतिपाति गर्नका लागि विवाह अनिवार्य रुपमा लिने गर्दछन् ।

यस तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा वसोवास गर्ने थारु समुदायमा परम्परागत रुपमा दाजुको मृत्युपछि अनिवार्य रुपमा विवाह गर्ने चलन थियो । आजकल यस खालको यस ठाउँमा बसोवास गर्ने थारु समुदायमा खास नुहने गर्दछ ।

थारु समुदायमा परम्परागत विवाह संसकार आएका परिवर्तन कारणहरू: अन्य समुदायको प्रभाव नेपालमा औलो उन्मुलन भए देखि थारु समुदाय वसोवास गर्ने समाज अन्य जातिहरू विस्तारै बसयासराई गरी वस्न थाले विस्तारै यिनीहरूको संस्कृतिमा अन्य जाती संस्कृतिको प्रभाव बढ्न थाल्यो अन्य जातिको अगाडि यिनीहरूको संस्कार कमजोर भएको महशुस गर्न थाले । अन्य समुदायको संस्कृति कतिपय सिको गर्न थाले । शिक्षा महत्वपूर्ण कारण हो । थारु समुदायको विवाह संस्कार परिवर्तन हुन थाल्यो । शिक्षाको प्रभावले चेतनाको विकास हुन थाल्यो यिनीहरूको यूवा पिँडीहरूले परम्परागत विवाह संस्कार मन पराउन छाड्दै गए । यिनीहरूकै यूवाले नयाँ विवाह संस्कार रुचाउन थाले । थारु समुदायमा परम्परागत विवाह

संस्कार परिवर्तन हुनका अर्को कारण आधुनिकता प्रभाव हो । बजारमा विश्वका कुनाकुना पाइने सामान सहजै पाइने थाले । विवाह संस्कार आधुनिक सामान रेडियो, घडि, टेलिभिजन र आधुनिक उत्पादित फर्निचर उत्पादित वस्तु दाइजो दिने चलन बढ्न थाल्यो जसका कारण थारु समुदायको परम्परागत विवाह संस्कारप्रतिको धारणामा परिवर्तन हुदै गयो । सञ्चार साधनको विकासले यिनीहरूको परम्परागत विवाह संस्कारमा परिवर्तन गराउँदै गएको छ । थारु समुदयका यूवा यूवतीहरूले अग्रजले भनेको कुरा भन्दा सञ्चारमाध्यमले प्रकाशित कुरालाई सत्य रुपमा वुझ्न थाले । विस्तारै यिनीहरूको परम्परागत भागी विवाह, साटासाट, जारी विवाहप्रति धारणा परिवर्तन हुँदै गएको छ । सडक सञ्जालको विकासले थारु समुदायको परम्परागत विवाह संसकार परिवर्तन हुँदै जान थालेको हो । यिनीहरू समुदायका मानिसहरूले एक समुदायका मानिस अर्को समुदायसँग सजिलै पहुँच बढ्दै गयो । उल्लेखित कुराहरूले परम्परागत विवाह संस्कारमा विस्तारै परिवर्तन हुँदै गइरहेको छ ।

**तालिका नं. ५.४**

**विधवा विवाह सम्बनिथारु समुदायको धारणा**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | २७ | ७७.१४ |
| नराम्रो | ३ | ८.५७ |
| ठीकै | ५ | १४.२८ |
| जम्मा | ३५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

तालिका नं. ५.४ का अनुसार जम्मा सहभागी ३५ मध्ये २७ जना उत्तरदाताले विधवा विवाहलाई नराम्रो रुपमा लिउको पाइयो अर्थात ७७.१४ प्रतिशत उत्तरदाताले यस खालको विवाहलाय नराम्रो रुपमा लिएको पाइयो ।

**ङ) विवाह घरुवा** (**घरज्वाई विवाह**)

थारु समाजमा परेमा वच्चा रहेदेखि नै छोरीलाई मेरो छोरा दिन्छु भनी कवुल गर्दछन् । केटाकेटीको उमेर पुगेपछि केटीको बावुले केटालाई मेरो घरमा हिँड, म तिमीलाई छोरी दिन्छु भनेर आफ्नो घरमा ५/७ वर्ष वसेर काम गर्नुपर्छ । यसरी कतिपय गरिव केटाले आफूलाई मन परेको केटीको बावुको घरमा हलो जोत्ने, खेती गर्ने काममा सहभागी हुने र

पछि सोही घरका केटीलाई विवाह गर्ने प्रथालाई नै घर ज्वाई विवाह भनिन्छ । केटाले राम्रो कमाउन सक्ने भएपछि, आफु स्वइच्छाले अन्यत्र गएर वस्न सक्छ । तुलसीपुर उपमहानगरपालीका वडा.नं. १५ मा यस खालको विवाह खासै भएको पाईदैन ।

तालिका नं. ५.५

घरुवा (घरज्वाई विवाह)

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ७ | २० |
| नराम्रो | २७ | ७७.१४ |
| ठिकै | १ | २.८५ |
| जम्मा | ३५ | १०० % |

स्रोत स्थलगत सर्वेक्षण २०७५

उल्लेखित तालिका नं. ५.५ का अनुसार जम्मा सहभागी ३५ उत्तरदात्ता मध्ये २७ जनाले ज्वाई विवाहलाई नराम्रो रुपमा लिएको पाईयो अर्थात् ७७.१४ प्रतिशतले नराम्रो रुपमा लिएको पाइयो । सहभागी मध्ये ७ जना उत्तर दाताले राम्रो रुपमा लिएको पाइयो । सहभागी १ जनाले ठीकै रुपमा लिएको पाइयो । अर्थात् २.८५ प्रतिशतले ठिकै रुपमा लिएको पाइयो ।

**च) अन्य विवाह**

थारु समुदायमा अन्य विवाह पनि प्रचलनमा रहेका छन् । अन्य विवाहहरुमा वालविवाह, विधवा विवाह, वहुविवाह आदि रहेका छन् । आधुनिक प्रभाव सँगै थारु समुदायमा प्रेम विवाह, अन्तरजातीय विवाह आदि पनि प्रचलनमा रहेका छन् । यस तुलसीपुर उपमहानगरपालीका वडा नं. १९ मा मागी विवाह, प्रेम विवाह वढी प्रचलनमा छन् भने अन्य विवाहमा विधवा, वहुविवाह पनि हुने गर्दछ ।

### ५.१.१. विवाहमा आएको परिवर्तन

यस तुलसीपुर उपमहानगरपालीका वडा.नं. १९ मा बसोवास गर्ने थारु समुदायमा मूख्यतय ४ किसिमबाट विवाह हुने गर्दछ । ती विवाहका अलावा वालविवाह, भाउजु विवाह, प्रेम विवाह र अन्तरजातीय विवाह पनि रहेका छन् । आधुनिक सञ्चार, यातायातको विकास,


टेलिभिजनको विकाश जस्ता साधनले गर्दा र अन्य जाति समुदायका सँगको स्रोतहरुले गर्दा विहेवारीमा परिवर्तन भएको देखिन्छ ।

परम्परागत माघी विवाहमा दुलाहको फुपुलाई दुलाह साथ साथै डोलीमा चढाएर लैजाने गर्दथे । आज भोली यस खालको चलन हटेको पाइन्छ । परम्परागत डोलीको साटो आजभोली यातायातका साधनहरु ट्रेक्टर, जीप, बस दुलाह लैजाने चलन छ । वशेष गरेर यस ठाउँमा वसोबास गर्ने थारु समुदायले विवाह गर्दा सुङ्गुर काट्ने चलन थियो तर आजभोली व्रोइलर, खसी, वोका समेत काट्ने गर्दछन् । यस स्थानका थारु समुदायले आजभोली यस खालको चलनमा घट्दा अन्य महिला विवाह गर्ने चलन विकाश भइरहेको छ ।

यहाँका थारु समुदायमा

क) मागी विवाहमा आएको परिवर्तन विषयमा थारु समुदायको धारणा

| **धारण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| परिवतन छ | १२ | ६० |
| छैन | २ | १० |
| अलि अलि | ४ | २० |
| थाहाछैन | २ | १० |
| जम्मा | २० | १०० |



उल्लेखित स्तम्भ चित्र अनुसार जम्मा २ जना उत्तरदाता सहभागी मध्ये परम्परागत विवाह परिवर्तन छ भन्ने जम्मा १२ जना रहेको छ । अथवा करिव साठी (६०) प्रतिशत उत्तरदाताले परम्परागत मागी विवाह परिवर्तन भएको उत्तर दिएका छन् । त्यसैगरी करिव २ जना उत्तरदाताले परम्परागत मागी विवाह परिवर्तन नभएको उत्तर दिएका छने । सहभागी ४ जना उत्तरदाताले परम्परागत मागी विवाह भएको नजाएका छन् । जुन सहभागी २ प्रतिशत हुन आउँछ । सहभागी २ जना उत्तरदाताले परम्परागत विवाह मागी विवाह परिवर्तन बारे थाहा नभएको जनाएका छन् । अर्थात १०% प्रतिशत उत्तरदाताले परम्परागत मागी विवाह परिवर्तन बारे थाहा नभएको जनाएका छन् ।

**ख) जारी विवाह (उडारी) परिवर्तन**

थारु समुदायमा अर्को प्रचलनमा रहेको परम्परागत विवाह मध्ये जारी विावाह हो । यस खालको विवाह समय विकाश सँगै न्यून हुँदै गएको पाइन्छ ।

तलालिका नं. ५.६

जारी विवाह परिवर्तन सम्बन्धी थारु समुदायको धारण

| **धारण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| परिवर्तन छ | १४ | ६०.८६ |
| छैन | ५ | २१.७३ |
| अलिअलि | ३ | १३.०४ |
| थाहा छैन | १ | ४.३४ |
| **जम्मा** | २३ | १०० % |

उल्लेखित तालिका अनुसार थारु समुदायको परम्परागत जारी (उडारी) विवाह संस्कारमा परिवर्तन आएको देखिन्छ । धेरै जसो उत्तरदाताले यस खालको विवाह संस्कार यस खालको विवाह संस्कार परिवर्तन भएको जनाएका छन् ।

परम्परागत जारी परिवर्तन हुनुमा आधुनिकता, अन्य समुदाय सँगको वसोबास, देखासिकि जस्ता कारणले थारु समुदायको परम्परागत जारी विवाह परिवर्तन ल्याउनमा भुमिका खेल्ने तत्वहरु रहेका छन् ।

**ग) साटासाट विवाह**

तालिका नं. ५.७

साटासाट विवाहमा भएको परिवर्तन सम्बन्ध घरका

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| परिवर्तन छ | १३ | ५६.५२ |
| छैन | ३ | १३.०४ |
| अलिअलि | ४ | १७.३९ |
| थाहाछैन | ३ | १३.४ |
| जम्मा | २३ | १०० % |

उल्लेखित २३ जना उत्तरदाता मध्ये जम्मा १३ जनाले थारु समुदायको परम्परागत साटासाट विवाह परिवर्तन भएको कुरा उत्तर दिएका छन् । सहभागी ५६.५२ प्रतिशत उत्तरदाताले यस खालको उत्तर दिएका छन् । सहभागी मध्ये ३ जना उत्तरदाताले परम्परागत साटासाट विवाह परिवर्तन नभएको उत्तर दिएका छन् । अर्थात १३.०४ प्रतिशत ले परम्परागत साटासाट विवाह परिवर्तन नभउको जनाएका छन् । त्यसै गरी ४ जना उत्तरदाताले परम्परागत साटासाट विवाहमा परिवर्तन भएको जनाएका छन् । अर्थात १७.३९ प्रतिशत उत्तरदाताले परम्परगत साटासाट विवाह परिवर्तन भएको जनाएका छन् । त्यसै गरी सहभागी ३ जना उत्तरदाताले यस खालको विवाह बारेमा थाहा नभउको जनाएका छन् । अर्थात् १३.०४ प्रतिशत उत्तरदाताले परिवर्तनमा नभएको जनाएका छन् ।

तालिका नं. ५.८

विधवा विवाह सम्बन्धी थारु समुदायको धारणा

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| परिवर्तन छ | १५ | ६० |
| छैन | ३ | १२ |
| अलिअलि | ४ | १६ |
| थाहाछैन | ३ | १२ |
| जम्मा | २५ | १०० % |

उल्लेखित तालिका अनुसार सहभागी २५ उत्तरदाता मध्ये १५ जनाले परम्परागत विधवा विवाहमा परिवर्तन भएको जनाएका छन् । अर्थात् ६० प्रतिशत उत्तरदाताले परम्परागत विधवा विवाहमा परिवर्तन भएको जनाएका छन् । त्यसैगरी सहभागी ३ जनाले परम्परागत विधवा विवाह परिवर्तन नभएको जनाएका छन् । अर्थात करिव १२ प्रतिशत उत्तरदाताले यस खालको विवाह परिवर्तन नभएको उत्तर दिएका छन् । परम्परागत विधवामा अलिअलि परिवर्तन भएको, सहभागी ४ जना उत्तरदाताले वताएका छन् । अर्थात् १६ प्रतिशत सहभागी उत्तरदाताले विधुवा विवाहमा परिवर्तन भएको जनाएका छन् । सहभागी ३ जना उत्तरदाताले परम्परागत विवाह परिवर्तन बारे थाहा नभएको जनाउका छन् । अर्थात् १२ प्रतिशत उत्तरदाताले विधवा विवाह बारे थाहा नभएको उत्तर दिएका छन् ।

### ५.१.२ चाडपर्वहरु तथा विवाह

थारु समुदायले विभिन्न चाडपर्वहरु मनाउने गर्दछन् यी चाडमा विवाहितसँग पनि जोडिने गर्दछ । विभिन्न पर्वहरुमा छोरी ज्वाईलाई निमन्त्रणा गर्ने, दान दक्षिणा गर्ने, मिठो खाने कुरा खुवाउने गर्दछन् ।

#### (क) माघी (माघे संक्रान्ति) र विवाह

माघीलाई थारु समुदायले ३ दिन सम्म मनाउने गर्दछन् । यस चाडलाई यीनीहरुले धुमधामसँग मनाउने गर्दछन् । यस पर्वमा विवाहित छोरी ज्वाईलाई बोलाएर मिठो-मिठो

खानेकुरा खुवाउने गर्दछन् । माघिको अघिल्लो दिन यिनीहरुले सुङ्गुर काट्ने गर्दछन् । नजिकको खोलामा गएर माछा मार्ने चलन छ । यस पर्वलाई यिनीहरुले नयाँ वर्षको रुपमा लिने गर्दछन् । माघीाई थारु समुदायले ३ दिनसम्म मनाउने गर्दछन् । यस चाडलाइृ यिनीहरूले धुमधामसँग मनाउने गर्दछन । माघिअघिल्लो दिन यिनीहरूले सुंगुर काट्ने गथर्दछन् । नजिक खोलामा गएर माछा माने चलन छ । यस पर्वर्ला यिनीहरूले नयाँ वर्षका रुपमा लिने गर्दन् । माघी माघ १ गते पर्दछ । यस दिन यिनीहरूले विहान नजिक, खोला, नदी, धारा र इनारमा गएर नुहाउने गर्दछन् । नुहाइसकेपछि ब्राम्हणलाई सिद्धा (खिचडी) पुराइदिने गर्दछन् । यस दिन, यिनीहरूले घर घरमा खिचडि पकाएर खाने गर्दछन् । यस दिन यिनीहरू घरमा, ढिकर बनाउनृ गर्दछन् । त्यसै गरी तरुल खाने गर्दछन् । यस दिनमा थारु समुदायले काम नगर्ने चलन छ । यस दिन निरसउ बाँड्ने गर्दछन् । छोरी बहिनीलाई दान दिने चलन छ । यस दिनमा थारु समुदायमा वर्ष भरिको हिसाव गर्ने गर्दछन् । कमैया बस्ने, नबस्ने बारेमा निर्णय गर्दछन् । यस दिनमा मासु, माछा, रक्सी, जाँड खाएर रमाउने गर्दछ् । प्रत्येकको घर घरमा गएर नाच्ने गर्दछन् । थारु समुदायका युवा यूवतीहरू ५ दिन सम्म नाच्ने गर्दछन् । आजभोलि थारु समुदायको परम्परागत नाच परिवर्तन हुँदै गएको छ । आजभोलि थारु समुदायमा आधुनिक सामानहरू प्रयोग गर्ने गरेका छन् । क्यासेट तथा डिभिडी प्लेयर हरू बजाएर नाच्ने गर्दछन् ।

### (ख) दशैं तथा विवाह

यस पर्वमा पनि थारु समुदायले आफ्नो विवाहित छोरी चेलीलाई वोलाउने गर्दछन् । खानेकुरा खुवाउने दान दक्षिणा दिने गर्दछन् । विवाहित छोरी चेलीले माइतालाई रोटी तथा अन्य प्रकारका खानेकुरा लिएर आउने गर्दछन् । थारु समुदायले दशैंलाई भगवान रामले लंका विजय गरी रावणलाई वध गरेको सम्झानाका रुपमा मनाउनेगर्दछन् । पहिला पहिला दशैं आउनुभन्दा राम लिला नाटक देखाउने गर्दथे । दशैंको अवसरमा कतिपय ठाउँहरूमा माटोको मूर्ति बनाएर विशेष पूजा आजा पनि गर्ने गर्दछन् । दशैंको दिन मान्यजनका हातबाट टिका थाप्ने आर्शिवाद लिने चलन पनि रहेको छ ।

तुलसीपुर उपमहानगरपालिका वडा नं १९ मा बसोवास गर्ने थारु समुदायले दशहरा ( दशैं)मा भेडाको वलीदिने गर्दछन् । अन्य हाँस, कुखुरा र परेवाको पनि वली दिने चलन रही आएको छ । यस दिन यहँका यिनीहरूका विवाहित छोरी, चेली वोलाउने मासु खुवाउने

गर्दछन् । यस दिन थारु समुदायका टिका लगाउने आशिर्वाद लिने गर्दछन् । विवाहित पुरुषहरू घरमा टिका लगाई सकेर आफ्नो श्रीमतीसँग ससुराल जाने टिका थाप्ने गर्दछन् । ससुरालहरूले ५०० देखि १०० सरुम्म दक्षिण दिने गर्दछन् ।

**(ग) तिहार (सोहराई)**

थारु समुदायमा तिहार (सोहराई) पर्व मनाउने गर्दछन् । यो पर्व दशैं सकिएको १६ दिनपछि पर्ने भएकालृे थारुहरुले यसर्लाइ सोहराइ अर्थात तिहार भन्ने गर्दछन् । हिन्दु धर्मावलम्बीहरु अन्य समुदायका मानिसहरुले तिहारलाई यमपञ्चक भनि ५ दिनसम्म तिहारपर्व मान्ने गर्दछन् । थारु जातिहरुले कातृिक शुक्ल पष त्रयोदशीदेखि औसीसम्मको दिनर्ला सोहराई (तिहार) पर्व भनि मनाउने गर्दछन् । पहिलो दिनलाई पीठकुटी भन्दछन् । किन भने यस दिन रोटी पकाउनका लागि पीठो कुटिन्छ । कुटिएको पीठोलाई भुटेर तातो मानीमा मुछी यसबाट गाइ गोरु जाँतो, हलो, आदि आकारका डल्लाहरु बनाइ पानीको वाफमा पकाउने गदृछन्. । यसर्लाइ ढिकरी भनिन्छ । दोस्रो दिन सबै गाउँलेहरु किली माछा मार्ने गर्दछन् । साँझपख भुटेके पीठोलाई फूल जस्तै चारकुने आकारको बनाएर ५ ठाउँमा ५ किसिमको रोटी जस्तै गोलाकारको बनाइ तटेलम भिजाएर बत्ती वाल्दछन् । बेलुका पकाएको रोटीलाई थालमा हाली बस्तुहरुलाई ल तिमीहरुको भोलि चाड छ है भन्दै रोटी देखाएर खुवाउने तेल लगाई दिने तथा गोठमा १२ टुक्रा नर्कटको ढुङ्ग्रो बनाएर वत्ती बाल्ने गर्दछन् । तेस्रो दिन अर्थात औसिको विहान ोठमा गाइवस्तुलाई सिंगारी पूजा गर्दछन् र अघिल्लो दिन बनाएर राखेको खाना दिने गर्दछन् । लक्ष्मी पूजा गर्न आँगनमा भाले काट्ने र खाने ठाउँमा हलो राखेर कालो पोथीको बली चढाउने पनि गर्दछन् । यो पर्व तीज जस्तैं महिलाहरु कर्ता भई गने गर्दछन् । दिनभर भोको बस्ने र रातभरि खाना खाने गर्दछन्, यसलाई सरगही भनिन्छ  दर खाँदा (सिरगही) कम्तिमा ५ जनालाई साक्षी राखेर खानु पर्दछ भन्ने चलन छ । ब्रतको तेस्रो दिन भित्तामा महिलाहरुले चित्र लेख्दछन् । पत्र प्राप्तिको अपेक्षा राखिएको हुन्छ र राटि चन्द्रमाको पूजा गरेर ब्रत तोडिन्छ ।

यस तुलसीपुर  उपमहानगरपाकिला वडा नं. १९ अन्तरगत हाडिमे टोलमा बस्ने थारु मसुदायले अन्य जाति जस्तो तिहार (सोहराइृ) पर्व धुमधामसँग मनाउने गर्दैनन् । यस दिन गोवरले घर लिपपोट गर्दछन् । मिठा परिकार बनाउने गर्दछन । मासु जाँड रक्सी सेवन गर्दे

गर्दछन् । यहाँका थारु समुदायमा अन्य जाति समुदाय जस्तै दिदी बहिना सँगै टिका लगाउने दान दक्षिणा दिने चलन पनि छ । तर देउसी भैलो खेल्ने चलन भने नरहेको पाइन्छ ।

### (घ) फागु पूर्णिमा (फगुवा)

थारु समुदायले होली (फागु) पूर्णिमा पर्वलाई धुमधामसाथ मनाउने गर्दछन् । फागुन शुक्ल पूर्णिमाको दिनमा पर्ने यस पर्वलाई धार्मिक तथा मनेरञ्जनात्मक र मार्मिक दृष्टिकोणले मनेरञ्जन पूर्ण रुपमा लिएको पाइन्छ। हिरण कष्यपकी बहिनी होलिका मारिएपछि असन्य माथि सत्यको विजय हुन्छ भन्ने देखाउन होलिकाको प्रतिक चीर सबै घरबाट दाउरा गुइठा उठाउने सम्भ्यक र बाटोमा घरिएको परालहरुलाई जम्मा गरी लिङ्गो गाडेको स्थानमा ल्याइर्क्ष जम्मा गर्दछन् । त्यसै दिन गाउँका टुटेफुटेका धातु वा प्लाष्टिकका वस्तुहरु जम्मा गर्दछन् । चीर दाहकबो दिन विहान ४ वजे बाहुन ल्याएर जम्मा गरिएको घुस्यान गूइँठा र टुटेफुटेका सामानमा आगो लगाई दिने कार्य गरिन्छ । ठीक उल्यालो हुँदा त्यो चीरदाह खरानीमा परिणत हुन्छ र त्यही खरानी टिकाको रुपमा लगाउँछन् । त्यसपछि रङ्ग अविर लगाउँदै गाउँका युवा युवतीहरु आआफ्नो परिवार वा समूहमा फगुवा खेल्दै घर घरमा हिँडछन् ।

यस खालका पर्व तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ का थारु समुदायले अविर र लगाएर होली (फागु) पर्व मनजाउने गर्दछन् ।

### (ङ) वडकी आईतवार

यस शोध अध्ययन क्षेत्रका थारु तीज पर्वलाई मनाउँदैनन् । भाद्र महिनाको कृष्ण पक्षमा पर्ने यस पर्वलाई यिनीहरूका समुदायले भव्य रुपमा मनाउने गर्दछन् । यो दिन विहान उठेर नुहाउने सूर्य भगवान्को पूजा गर्दछन् । यस दिन घरको  सम्पूर्ण परिवार व्रत वस्ने गर्दछन् । यस पर्वमा यिनीहरूले आफ्ना छोरी ज्वाँई, भान्जा, भान्जी, फुपु चेली सवैलाई सहभागिताका लागि निमन्त्रणा गर्दछन् । यस पर्व यिनीहरूले नुनको प्रयोग गर्दैनन् । घरमा आएका पाहुनाहरूलाई खाद्य परिकारहरूमा रोटी, पूरी, दुध, दहीको प्रयोग गर्दछन् । अर्को दिन विहान सिदा दान गरेपछि मात्र व्रत सकिएको विश्वास गर्दछन् ।

यस शोध अध्ययन तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा वसोवास गर्ने थारु समुदायले वडकी आइतवारलाई खासै मान्ने गर्दैनन् ।

### (च) श्रीकृष्ण जन्माष्टमी पर्व

यस पर्व श्रावण कृष्णपक्षमा पार्ने अष्टमी तिथिलाई भगवान श्री कृष्णको जन्म दिन भएकोले यिनीहरूले यस दिनमा व्रत वस्ने गर्दछन् तर व्रत वस्ने अनिवार्य हुँदैन । यस समुदायका महिलाहरू यस पर्वमा सकृय हुन्छन् । यस दिनमा थारु समुदायका महिलाहरू व्रत वसी साँझपख आफना परम्परागत पोशाकमा सजिएका हुन्छन् । यिनीहरूको यस दिन सफा सुग्गर गर्दछन् । साँझपख टपरीमा लङफूल कृष्ण भगवानलाई चढाउने गर्दछन् । बनेको प्रसादलाई आफुले पनि खाने गर्दछन् । यस तुलसीपुर उपमहानगरपालिकाका थारु समुदायले पनि यस पर्वलाई मनाउने गर्दछन् ।

### (छ)नागपञ्चमी

नाग पञ्चमी थारुहरूको एउटा सामाजिक पर्व हो । यो पर्व श्रावण शुक्ल पञ्चमीका दिन पर्दछ । यस मनाउनु भन्दा केही दिन अघि देखि नै केटा र केटीको आकारका कपडामा रङ्गविरङ्गी पुतलीहरू वनाउने कार्य गरिन्छ । यसरी वनाइएका कम्तीमा ४ वटा केटा ४ वटी केटी पुतलीहरूलाई नाग पञ्चमीको विहानै चोया, डालो र सुपो राखी, खाना लागि धानको लावा र दुधसमेत राखी दिन्छन् । त्यसपछि गाउँका यूवाहरूले दिनभरि काठको लठ्ठी वनाई त्यसलाई रङ्ग्याउने र ध्वजाहरू वानी आकर्षक वनाई तयारी अवस्थामा राख्दछन् । साँझपख घरमा वत्ती बाल्ने समयमा ती रङ्गीचङ्गी पुतलीको जोडीलाई डालो वा सुपोबाट निकालेर केराको लोकतोमा राख्दछन् । त्यसपछी टोलबासीहरू सबै जम्मा भएर वाजागाजा र ढोल वजाउँदै गाऊँको नजिक नदी भए नदीमा र नभए ताल वा कुवामा गई केटीहरूले केराको लोकताको डुङ्गा राखिएको पुतलीको जोडीलाई वत्ती वालेर पूजा गरी जलमाथि राखी दिन्छन् भने केटाहरूले दिनभरि तयार गरी राखिएको लठ्ठी पूतलीको जोडीलाई पिट्ने वा डुङ्गालाई ढाल्ने गर्दछन् । त्यस समयमा वाजागाजा सहित रमाइलो गर्दछन् । पूतलीहरूलाई सेलाएपछि घरमा आई विहान पानीमा भिजाइएका गेडागुडीहरू केराऊ, चना, मटर भटमास आदि तेलमा फुरर्या माछामासु रक्सीसँग खोन गर्दछन् । तुलसीपुर उपमहानगरपालिका वडा नं १९ मा वसोवास गर्ने थारु समुदायले घरमा नागको चित्र टाँगेर नागपञ्चमी मनाउने

गर्दछन् । नागको मुलढोकामा नागको चित्र टाँग्ने परम्परागत रुपमा हुँदै आएको छ । तर अन्य ठाउँका थारु समुदाय जस्ते धुमधामसँग मनाउँदैनन् यहाँका थारु समुदायले ।

### ५.१.३ धर्म तथा पूजाआजा

थारुजातीको उत्पत्ति बौद्ध धर्मावलम्वी शाक्य वंशबाट भएको मानिएको छ । यिनीहरूको आकृति पनि मंगोलियन जस्तो देखिन्छ । अन्य जातीय समयको प्रभावले गर्दा यिनीहरू हिन्दु परम्परा अनुसार कार्य गर्दछन् । यस शोध अध्ययन तुलसीपुर उपमहानगरपालिका वडा नं १९ मा वसोवास गर्ने थारु समुदायले हिन्दु धर्म मान्ने गर्दछन् । हिन्दु परम्परा अनुसार यिनीहरू कार्य अगाडि बढाउने गर्दछन् । यस क्षेत्रका यिनीहरूका समुदायले कृष्ण जन्माष्टमी, राम नवमी, दुर्गा, भयर, शिवजी, गणेश जस्ता विभिन्न देवी देवताको पूजा आजा गर्ने गर्दछन् ।

**(क) कुलदेवता पूजा (जेठ पूजा)**

थारु जातिको (समुदायमा) प्रत्येक घरमा अनिवार्य रुपमा कुल देवताको पूजा गर्ने परम्परा हुन्छ । थारु समुदायमा आफ्नो घरको पाखाको पुर्व खण्डमा देवता राख्ने कोठा बनाएका हुन्छन् । यिनीहरूले यो ठाउँलाई देउसार भन्ने गर्दछन् । देउसारमा यिनीहरूले कुलदेवताको पूजा आजा गर्ने गर्दछन् । यस खालको पूजा यिनीहरले जेठ महिनामा गर्ने गर्दछन् । त्यसैले यसलाई जेठ पूजा भनिन्छ । यिनीहरूका समुदायले आफ्ना मरेका पूर्खालाई सम्झेर बलपाती, दुवो, गाइको दुध, अवीर आदि चढाएर परेवा, कुखुरा आदिको वली दिन्छन् । कुलपूजा हुन समयमा आफ्नै सवै खलकहरू एकै ठाउँमा जम्मा हुने गर्दछन् । यसरी कुल पूजा गर्दा शिव पार्वती देवतालाई प्रतिक मानी पूजा गर्ने चलन रहेको छ ।

**(ख) व्रह्मथान पूजाः** थारु समुदायमा नजिकै एउटा गाउँको पाएक पर्ने ठाउँमा रुखमुनी ढुङ्गा तथा शिलाको स्थापना गरी व्रह्मथान देवताका रुपमा सम्झिने र पूजा गर्ने गर्दछन् । यस खालका पूजालाई व्रेह्मथान पूजा भन्दछन् । यस्तो पूजा गर्नको लागि वर, पिपल, सिमल, स्वामीमध्ये कुनै एक रुखको तल थान वनाएको हुन्छ । उक्त स्थानमा गाईको गोवरले लिपेर वत्तीबाली पूजा गर्दछन् । व्रह्मथानको पूजा नगरेमा विपत्ती आइलाग्ने भन्ने विश्वास रहेको हुन्छ । औंशी वा पूर्णिमाका दिन पारेर व्रह्मथान पूजा गर्ने प्रचलनमा रहेको छ । यस तुलसीपुर वडा नं. १९ वासोवास गर्ने थारु समुदायले भयर पूजा गर्ने चलन छ । प्रत्येक वर्ष

नजिकैको थानमा गएर भयर पूजा गर्ने चलन रहेको छ । भयर पूजा गरेपछी वालीनाली सप्रने, कुनै अनिष्ट नहुने यिनीहरूको विश्वास रहिआएको छ ।

**(ग) लवङ्म्यहा पूजाः** लवङम्यहा पूजा मंसिर महिनामा गर्ने गर्दछन् । मंसिर महिनामा गाउँको पश्चिम एउटा खल्यानमा देवताहरूलाई देशवँधिया रकसौकाबाट पूजा गरेर कुखुरा, सुँगुर र बाखो आदिलाई वली दिएर लवङम्यहा पूजा सम्पन्न गरिन्छ। लवङम्यहा पूजागर्ने समयमा घरपरिवारका सदस्यहरू घरमूलीको उपस्थित हुन्छ। लवङम्यहा पूजागर्ने समयमा यिनीहरूले आफ्ना चेलीवेटी वोलाएर नयाँवाली साथसाथै माछा, मासु, जाँड, रक्सी खुवाउने प्रचलन छ ।

### ५.१.४ धार्मिक अन्धविश्वास

थारु समुदायमा धार्मिक विश्वास रहेको हुन्छ जसलाई पढेलेखेकाले अन्धविश्वास र रुढिवादी भन्ने गर्दछन् । धार्मिक विश्वासले गर्दा ढुङ्गा माटोको आकृतिलाई देवताको प्रतिक मानि पूजा गर्ने तथा भूतप्रेत वोक्सी आदिमा विश्वास गर्दछन् । वोक्सी भूतप्रेतवाट वच्नका लागि भोक गर्ने, भूत मन्साउने, जन्तर वाँध्ने, थारु भुत्वा झार्ने गर्दछन् । यिनीहरूको समुदायमा विरामी भएमा झारफूक गर्ने गर्दछन् । झारफुकको कार्य गुरुवाले गर्ने गर्दछन् । गुरुवाले विरामी हेर्नेका चामल हातमा लिएर वोक्सी, भूत, अन्य ढोक लागेको हेर्ने गर्दछन् । स्थानीय भाषामा यसलाई मयल हेर्ने भन्ने गर्दछन् । सानो भोकले नमाने पछि ठूलो भोक दिन्छु भनि भूत शरीरवाट झिक्दछन् । काठको सामान सातवाटा कोटी राखी देवताको, धानवाट वोक्सी तथा भूत प्रेत निकाल्ने गर्दछन् । भूत घरको धुरीखामाबाट, विरामीको जिउबाट घरका परिवारवार झिक्नुपर्दछ भन्ने विश्वास गुरुवाहरूमा रहेको पाइन्छ । विरामीलाई सन्चो भइसकेपछि १/२ बर्ष भित्रमा कुखुरा, हाँस, सुँगुर, बोका आदिको भोग दिई बीर मन्साउन पर्छ भन्ने विश्वास गर्ने प्रचलनमा भने कमि आएको छ । यस प्रकारको चलन थारु समुदायमा कम हुँदै गइरहेको छ ।

यस तुलसीपुर उपमहानगरपालिका वडा नं १९ मा वसोवास गर्ने थारु समुदायमा भूतप्रेत वोक्सी भन्ने बारेको धारणा यस प्रकार तालिकामा देखाइएको छ ।

**तालिका ५.९: भूतप्रेत, वोक्सी सम्बन्धी थारु समुदायको धारणा**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| विश्वास लाग्छ | १० | २३.१५ |
| विश्वास लाग्दैन | १८ | ४१.८६ |
| अलिअलि लाग्छ | १५ | ३४.८८ |
| जम्मा | ४३ | १०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७५ ।

उल्लेखित तालिका अनुसार ४३ जना उत्तरदातामध्ये १० जना अर्थात् २३.२५ प्रतिशतले बोक्सी, भूतप्रेतमा विश्वास लाग्ने कुरा वताए भने १८ जनाले (४१.८६) प्रतिशतले विश्वास नलाग्ने वताए र १५ जनाले अर्थात् ३४.८८ प्रतिशतले अलिअलि विश्वास लाग्ने कुरा वताए । तसर्थ अधिकांश थारु समुदाय परम्परागत वोक्सी भूतप्रेतमा विश्वास नगरेको पाइयो ।

### ५.१.५ थारु समुदायको जन्म संस्कार

यस उपहमहानगरपालिका वडा नं. १९ मा बस्ने यिनीहरूमा आधुनिकता प्रभाव देखिन्छ । धेरै जसो थारु वर्भवति महिला अस्पतालमा स्वास्थ्य चेक जाँच गराउन जाने गर्दछन् । सुत्केरी भने धेरै जो घरमै हुने गर्दछन् । बच्चा जन्माउने बेला स्थानीय महिला भेला हुने गर्दछन् । बच्चा जन्माउन लागेकी महिलालाई बेग्लै ठाउँमा राख्ने गर्दछन् । बच्चा जन्माउने महिलाको नजिकै गुइँठा बालीदिने चलन रहेको छ । बच्चा जन्माउनका लागि स्थानीय स्वयं सेवी सुडेनीलाई बोलाउने गर्दछन् । सुडेनीको सहयोगमा बच्चा जन्माउन नसकेमा नजिकैको अस्पताल लैजाने चलन छ । यिनीहरूको समुदायमा बच्चा र आमालाई नुहाइदिने चलन छ । साथै साल नाल काट्ने चलन छ ।

सुत्केरी महिलालाई विशेष ध्यान दिने गर्दछन् । सुत्केरी महिललाई, रोटी, मासु र गुलियो खानेकुरा बनाइ खान दिने गर्दछन्  खुर्सानि, अुवा र भेलीको झोल बनाएर खुवाउनृ गर्दछन् । बच्चा जन्मेको छैठौ दिनमा नाभी झरेपछि शुद्ध भएको मान्दछन् । पहिला सनन छोरा वा छोृरी भएपनि खुसी हुनेगर्दछन तर यिनीहरूले छोरी भन्दा छोरा हुनुलाइ बढी ध्यान दिने चलन रहेको हुन्छ । छोरा जन्मे पछि भोज मतेर गर्ने गर्दछन्  निम्तो मानी आएका इष्ट यिमत्रलाई जतिसुकै धनी भएपनि सालको टपरीमा खान दिने गर्दछन् ।

**(क) न्वारन :**

न्वारन अन्य जातिका मानिसले झैं ११ दिनमा गर्ने गर्दछन् । यो संस्कार बच्चाको नामाकरण गर्ने संस्कार हो । न्वारन गर्नुपूर्व यिनीहरूको पडितसँग सरसल्लाह गर्ने गर्दछन् पण्डितले साइत हेरेपछि शुभ साइत निकाल्ने गर्दछन् ।

त्यसै अनुरुप बच्चाको नामाकरण गर्ने गर्दछन् । शुभ दिन २ देखि ४ महिनामा हुने गर्दछन् । शुभ दिनमा आमा र बच्चालाई नुहाइ दुवैलाई तेल लगाई चेख्याइन्छ । विभिन्न परिकार साथै रोटी बनाइ पाहुनालाई खुवाउने गर्दछन् । यिनीहरूको परम्परागत मानयताको संस्एकार अनुसार बच्चाको नाम राख्दा बच्चा जन्मेको वार, ठाउँ घटना विशष आदिको आधारमा नामारण गरिन्छ । बुधवार जन्मेको बच्चाको नाम नै पहुना नाम राख्ने गर्दछन् । जन्मिने वित्तिकै मर्ने गरेका छन भने त्यस्तो बच्चालाई बेचने चलन रहेको छ । बेचिएको बच्चाको नाम वेचन, मोलाही नाम राख्ने गर्दछन् । कति पय अवस्थामा थारु पण्डितलाई नबोलाई पनि नाम राख्न सक्छन् ।

**(ख) छेवर**

थारु समुदायमा नवजात शिशुको कपाल काट्ने चलन रहेको छ जसलाई छेवर भन्ने गर्दछन् । त्यो संस्कार बच्चा जन्मेको ३ वर्ष देखि ५ वर्ष भए पनि गर्ने गर्दछन् । कपाल काट्दा केटोको मामालाई बोलाएर काट्नेगर्दछन् । आधुनिक प्रभावले गर्दा थारु समुदायले नजिक नाइ पसलमा लगेर कपाल काटिदिने चलन पनि छ । यो अवसरमा छोरीका फुपुहरू र मामाको परिवारलाई बोलाउने गर्दछन् । मासु, चिउरा, दही, जाँड, रक्सी र रोटी आदि खाने गर्दछन् ।

**ग) मृत्यु संस्कार**

थारु समुदायमा अन्य जाति समुाय जस्तै मृत्यु संस्कार हुने गर्दछ । थारु समुदायमा मृतकलाई गाड्ने, जलाउने वा नदीमा बगाउने चलन रहेको छ । कुनै घरमा मृत्यु भएमा सो घरको छोरा बाहिर गएको छ भने अनिवार्य आउनु पर्दछ । मृत्यु संस्कार कार्य गर्न पुरोहिन बोलाइन्छ । गुरुवा (गुरौं) मरेको मानिसले प्रयोग गरेको सामानमा भूत, मसान मन्साएर मरेको मानिसँगै पठाइदिने गर्दउछन् । यसो गर्नुको कारण भूत प्रेत अन्य मान्छेमा

नरहोस भन्ने हो । लासलाई घाटमा लैजाने वेला सव्रप्रगथम जेठो छोराले बोक्छ त्यसपछि अन्य सवै छोराहरुले बोक्नु पर्दछ ।  छोराहरुले बोकेपछि ज्वाइहरुले बोक्दछन् । त्यसपछि मात्र गाउँका मानिसहरुले बोकेर नदीमा लैजान्छन् । थारु समुदायमा सानो बच्चा मरेको भएमा गाउँ नजिकैको खोलामा लगेर गाड्ने गरिन्छ । लासको संस्कार गरेको दिनबाट नै क्रिया बस्दछन् । १३ दिने दाजुभाइले दुध ल्याउने गर्दछन् । किरिया बसेको मानिसले फलाम हालेर बनाइएको लठ्डी, लोटा, पटुका २ वटा लगौटा, भात पकाउने भाँडा आदि सँगै लिएर बस्दछन्  । फलामम वा कोटी भएको खज्इको लठ्ठी लिनको कारण भूत प्रेत नलागोस भन्ने हो । किरिया बस्दा जेठा वा कान्छो छोरामध्ये एक जना मात्र बस्दछन् । तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा बस्ने थारु समुदायले पनि अन्य ठाउँका थारु समुदायको जस्तो मृत्यु संस्कार हुने गर्दछन् । यहाँका थारु समुदायले मृत्यु संस्कार गर्दा वार हेर्ने गर्दछन् । सोमबार र विहिवारलाई किरिया गर्ने चलन रहेको छ । किरिया गर्नेको एक दिन अगाडि नजिकै खोलामा गएर माछा मार्ने मलामी आफन्तिलाई भोज खुवाउने चलन रहेको छ । यस दिन यिनीहरुका सवै किरिया घरमा जम्मा हुने गर्दछन् ।

### ५.१.६ पेशा व्यवसाय

तुलसी पुर उपमहानगरापकिला वडा नं. १९ बसोवास गर्ने थारु समुसदायका मानिसहरू विभिन्न पेशा र व्यवसाय संलग्न रहेका छन् । नेपालको जनगणना अननुसार  करिव ८० प्रतिशत कृषि व्यवसायमा संलग्न रहेका छन् । त्यसै आधार अनुसार यस ठाउँमा बसोवास गर्नेथारु समुदाय धेरैजसो खेतीपाती व्यवसाय संलग्न रहेका छन् । यस ठाउँमा बस्ने धेरै जसो थारुहरूको आफ्नै जग्गा हुने गर्दछन् । आफ्.नो खेतिवारीमा धान, मकै, गहुँ, मसुरो, चना, केराउन, तरकारी, प्याज, धनीया, लसुन खोती गर्ने गर्दछन् । थार समुदायले आफ्नो खेतमा धेरै धान खेती गर्दछन् । धान रोपने बेलामा खेत जोत्नको ागि गोरु, रांगाको प्रयोग गर्ने गर्दछन् ,। धान खेति समयमा नास्ता दिउँसो पख खेतमा खाने गर्दछन् । विहान र साँझोको खाना घरमै खाने गर्दछन् । धान पाकिसकेपछि धातन काट्न चलन छ । धान काट्ने। रोप्ने बेलामा एक आपसमा सहयोग गर्ने गर्दछन् । जसर्ला उनीहरू ह्वारे भन्ने गर्दछन् । खेती पातिका अलावा थारु समुदायका मानिसहरू व्यापार, वैदेशिक रोजषाार पसल, अफिसमा जागिर गर्ने गर्दछन । थारु समुदायको महिलाहरू माछा मार्ने, नजिकै जंगलमा पात टिप्ने, ग्वाला जाने, खान बनाउने गर्दछन् । थारुहरू विशेष गरी खेती र

पशुपालनबाट नै जिविका गर्दछन् । आजकल केही खास गरी पूर्वतर्फको थारुहरूले व्यापार तथा सरकारी नोकरी आदिमा सफलता पाएका छन् (विष्ट, २०५५) ।

यस समुदायका लोग्ने मान्छेहरू माछा मार्ने, जालजेरी बुन्ने, स्वास्नी मानिस ढकिया बनाउने, लेगा गुन्द्री चटाइ बुन्ने काम गर्दछन् (पोखरेल, आचार्य, २०४९) ।

थारुहरूकोृ मुख्य पेशा कृषि नै हो । उनीहरू धेरै मेहनती हुन्छन् । थोरै थारुहरू धनी जमिनदार भए पनि प्रायः थारुहरू मेही किसानको रुपमा पाइन्छन् । जमिन नभएका थारुहरू अँधियामा जमिनदारको जग्गा खाजोट गरी जीविका चलाउँछन. । (लय, प्रसाद उप्रेती, २०५४) ।

**तालिका नं. ५.१०**

**पेशागत आधारमा नमु छनौटमा रहेका थारुहरूको विवरण**

| पेशा | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| कृषि पशुपालन | १५ | ५०.०० |
| ज्याला मजदुरी | ४ | १३.३३ |
| व्यापार | ३ | १०.०० |
| जगिर | ४ | १३.३३ |
| वैदेशिक रोजगारी | २ | ६.६७ |
| प्रविधिक | २ | ६.६७ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७५

उपरोक्त तालिका अनुसार १५ परिवार मूख्य पेशा कृषि तथा पशुपालन गर्नेको संख्या ५० प्रतिशत रहेका छन् । ज्याला मजदुरी संलगन पविारको सुंख्या १३.३३ प्रतिशत रहेको छ । व्यापारमा करिव १० प्रतिशत थारुहरू संलग्न रहेका छन् त्यसै गरी १३.३३ प्रतिशत जागिरमा लागेका छन् । वैदेशिक रोजगार रप्राविधिक तर्फ ६.६७ प्रतिशत संलग्न रहेका छन् ।

### ५.१.७ थारु समुदायको घर

परम्परागत थारु समुदायको घरहरू फुसले छाएका वार् काठले बारेर चिल्लो गरी लिपेको भित्र हुन गर्दथ्यो । आजभोली थारु समुदायको घर आधुनिकता साथै अन्य जातिको प्रभाव परेको देखिन्छ । धेरै जसो थारुहरू एकतले बाँस माटाको टाटी पर्खाल र फुसको (खर, पराल) छानोट भएको घरमा बस्दछन् । यिनीहरूका घर अत्यन्त सफा हुने गर्दछ । यस्ता घरहरू गल्लीका छेउमा झुम्म परेर बनाएका हुन्छन् । वाँसका घरका पर्खालहरू माटो र गोवरले लिपपोट गरेका हुन्छन् । (उप्रेती, २०५४) ।

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा बसोवास गर्ने थगारु समुदायको घर अधिकांश टिनले छाना छाएको भित्ता माटोले  लिपपोट गरेको रहेका छन् । केही थारु, समुदाय पक्की ढलान घर बनाएर बस्ने गर्दछन् । कतिपय पुरानो फुसले छाएको लिपपोट बाँसले बरेको घरमा बस्ने गर्दन् । गाई, भैंसी बस्ने नजिकै पाली राखेर बाँध्ने गर्दछन् ।

**तालिका ५.११**

**नमुना टनौटमा परेका परिवारको घरको किसिम**

| घरको प्रकार | घरमुलीको संख्या | प्रतिशत |
|---|---|---|
| फुसको छाना भएको | ३ | १० |
| टिन, खपडा, टायलको छनोट | २१ | ७० |
| पक्की ढलान भएको | ६ | २० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

उल्लेखित तालिका अनुसार तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ बसोवास गर्ने थगारु समुदायको टिनले छाएको धेरै रहेको देखिन्छ । दोस्रो नम्बर ढलान पक्की घरमा बस्ने थारु समुदाय आउने गर्दछन् । तरिकव १० प्रतिशत मानिसहरू फुसले छाएको घरमा बस्ने गर्दछन् ।

### ५.१.८ जग्गाको स्थिति

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा बसोवास गर्ने थारु समुदायको अधिकांश आफनै जग्गा हुने गर्दछन् । कतिपय थारुहरूको धेरै रहेको छ । भने कतिपय एकदम न्यून जग्गा रहेको छ । न्युन जग हुने थारु समुदायले अन्य जमिनदारको जग्क्ष अँधिया लगाएर ज्यान  पाल्ने गर्दछन् । बाटो घाटो विकासकाले गर्दा थारु समुदायको जग महंगो पर्न जाने भएकादले थोरै जग्गाबाट धेरे पैसा आउने गर्दछन् । यस ठाउँमा बस्ने थारुहरूको जग राम्रौ अवस्थामा रहेका छ । अन्यत्र ठाउँमा थारुहरू यस ठाउँमा जग्गा किनेर बस्ने आउने गरेका छन् । अन्य ठाउँको तुलना यो ठाउँमा सिंचाइ सुविधा राम्रे रहेकाले खेती पाति समयमा गर्ने हुनाले आर्थिक अवस्था ठिक रहेको छ  । न्यून जग्गा हुने थारुहरूलृ अन्न नजिकैको बजारबाट किनेर खाने गर्दछन् ।

**तलिका ५.१२**

**नमुना परिवारको जग्गाको स्थिति**

| **जमिनको परिणाम** | **घरधुरी संख्या** | **प्रतिशत** |
|---|---|---|
| भूमीहिन परवार | ० | ० |
| ० देखि ५ कठ्ठा सम्मका परिवार | ७ | २३.३३ |
| ५ कठ्ठादेखि १५ कठ्ठा सम्म | १७ | ५६.६६ |
| १५ कठ्ठा देखि २ विगाह सम्म | ५ | १६.६६ |
| २ विघा भन्दा माथिका परिवार | ५ | ३.३३ |
| जम्मा | ३० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

उल्लेखित तालिका अनुसार ० देखि ५ कठ्ठा जग्गा हुने परिवार संख्या  ३.३३ प्रतिशत छ । ५ कठ्ठादेखि  १५ कठ्ठा सम्म जग्गा हुने परिवार सँयख १७ रहेको तछ भने पंतिशतमा भन्दा ५६.६६ प्रतिशत रहेको छ । १५ देखि २ विगाह सम्म जग्गा हुने परिवार संख्या  ५ अर्थात् १६.६६ प्रतिशत रहेको छ । २ विगाह भन्दा माथि हुने परिवारको संख्या १ रहेको छ । प्रतिशतमा भन्दा ३.३३ प्रतिशत रहेको छ ।

### ५.१.९कृषि मजदुरी

तुलसीपुर उपमहानगरपाकिला वडा नं. १९ बसोवास गर्ने थारु समुदाय कतिपय कृषि मजदुर गर्ने गर्दछन् । धेरै जसो आफ्नो खेती पाति रहेका हुन्छ कतिपय न्युन रुपमा काम गर्दछन् । जसको खेति (जग्गा) कम हुन्छ तिनीहरू जमिन्दारको घरमा खेत जोत्ने, व्यार काडने, हलो जोत्ने, गर्दछन् । त्यस वापत ज्याला लिने गर्दछन् । खेत जोत्ने, ७०० सय अन्य रोप्ने ४०० सय लिने गर्दछ ।

### ५.१.१० पशुपालन

तुलसी पुर उपमहानगरापलिका वडा नं. १९ मा बसोवास गर्ने थारु समुदायका मानिसहरू पशुपालन पनि गर्ने गर्दछन् । यिनीहरूले गाइ, गोरु, रांगा, भैंसी, भेडा, बाखा, हाँस, कुखुरा, पाल्ने गर्दछन् । भेडा बाखा, खसी बोबा बेचेर आफूलाई चाहिने घरायसी सामान जोड्ने गर्दछन । उक्त स्थानमा बसोवास गर्ने थारु समुायका ३० घरपरिवामरा गरिएको पारिवारिक सर्वेक्षण विवरण निम्न अनुसारको रहेको पाइयो ।

**तालिका ५.१३**

**नमूना परिवारको पशुपंक्षीको संख्या**

| पशुपंक्षी | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| गाई गोरु | ६५ | २५.१९ |
| भैंसी, रांगा | १५ | ५.८१ |
| खसी, बोका | ५२ | २०.१५ |
| हाँस, कुखुरा | ७० | २७.१३ |
| परेवा | ३३ | १२.७९ |
| भेडा | २३ | ८.९१ |
| जम्मा | २५८ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५ ।

उल्लेखित तालिका ५.५ नुसार यस उपमहानगरिपालिकामा बसोवास गर्ने थार समुदायले विभिन्न पशु पंक्षि पालन गर्दछन् । तालिका अनुसार गाई गोरुको संख्या ६५ र २५.१९

प्रतिशत रहेको छ । भैंसी, राँगा १५ वटा रहेको र प्रतिशत ५.८१ प्रतिशत, खसी, बाखा ५२ वटा र प्रतिशत २०.१५ प्रतिशत रहेको छ, हाँस कुखुरा ७० र २७.१३ प्रतिशत छ , परेवा ३३ र १२.७९ प्रतिशत रहेको छ र भेडा २३ वटा ८.९१ प्रतिशत रहेको छ ।

### ५.१.११ व्यापार - व्यवसाय

यस उपमहानगरपालिका वडा नं. १९ बसोवास गर्ने थारु समुदाय मानिस व्यापार व्यवसाय संलग्न रहेका छन् फर्निचर व्यवसाय वा उद्योग चलाउने २ किराना सामान राख्ने थारु मनिस ६ कपडा पसल १ जनाले अटो रिक्सा ६जनाले चलाउने गाडी चलाउने २ जना तरकारी खेती ३ जनाले गर्ने गरेका छन् । ति व्यापार व्यवसायबाट पैसा आउने गर्दछ । आएको पैसाले व्यापार व्यवसाय, बढाउने र घर खर्च गर्ने गरेको पाइयो ।

### ५.१.१२ नोकरी

यस ठाउँमा बसोवास गर्नेथारु समुदायका मानिस नोकरी न्यून मात्र गर्ने गर्दछन् । शिक्षक, प्रहरी, स्वास्थ्य कार्यकर्ता वैदेशिक रोजगारी जानेगरेको देखियो ।

### ५.१.१३ खाद्यान्नको उपलब्धता

यस ठाउँमा बसोवास गर्ने थारु समुदायको र खाद्यान्न खेतीपातीबाट उपलब्ध हुने गर्दछन् । धेरै जग्गा हुने थारु समुदाय खाद्यान्न प्रश्न हुने गर्दछन् । आफूलार्य पुग्ने धान राखेर बाँकी बेचेर पैसा लिने गर्दछन् । आएको पैसा घर खर्चका लागि प्रयोग गर्ने गर्दछन् । न्युन खेत ( जग्गा) थारुहरू काम गरेर पैसा कमाउने खाद्यान्न लत्ता कपडा जोड्ने गर्दछन् । कतिपयले जमिनदारको जग्गा अँधिया लगाउने गर्दछन् । खेतको आधारमा खाद्यान्नको उपलब्धतालाई तलको तालिकामा देखाएको छ ।


**तालिका ५.१४**

**नमूना छनौटमा परेका घरधुरी अनुसारको खाद्यान्नको उपलब्धता**

| खाद्यान्न प्रयाप्ता | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| ३ महिना सम्म खान पुग्ने | ७ | २३.३३ |
| ६ महिला सम्म खान पुग्ने | ११ | ३६.६६ |
| ९ महिला सम्म खान पुग्ने | ५ | १६.६६ |
| वर्षभरी खान पुग्ने | ७ | २३.६६ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

उल्लेखित तालिका तलको स्तम्भ चित्रमा देखाउँदा




उल्लेखित स्तम्भचित्र अनुसार ३ महिनासम्म खाना पुग्ने थारु समुदाय७ परिवार, संख्या रहेको छ भने ६ महिना सम्म खान पुग्ने ११ रहेका छ । ९ महिनासम्म खाना पुग्ने परिवारको संख्या ५ रहेको छ र वर्ष भरी खाना खान पुग्ने संख्या ७ रहेको छ ।

### ५.१.१४ शिक्षाको अवस्था

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा बसोवास गर्ने थारु समुदाय शैक्षिक अवस्था भूमिका रुपमा विकास रहेको छ । यस उपमहानगरपालिका विगत केहि वर्ष अगाडि

शिक्षाको चेतना स्तर बढ्दैं गइरहेको छन् । यिनीहरूका बालबालिका नजिककैका विद्यालय पढ्न जाने गर्दछन् । कतिपय वालवालीका निजी विद्यालयमा पढ्न जाने  गर्दछन् । थारु सम्बन्धी काम गैर सरकारी चेतामूलक कार्यक्रमले गर्दा थारु समुदाय शिक्षाप्रति चेतना विकास भइरहेको छ, अन्य समुदायको तुलना शिक्षामा पचाडि नै रहेका छन् ।

शिक्षाको कमिले गर्दा थारु समुदाय अन्ध विश्वास र रुढीवादी विचारबाट ग्रस्त छन् । थारु जातिको मनोवैज्ञानिक विश्लेषण गर्दा आफ्नो खेतवारी छँदैछ । पढाएर के मतलब भनेको पाइन्छ। केटाहरू ठूलो भएपछि खेतिमा लागिहाल्छन भन्ने मनोवृत्तिले थारु जातिको विकासमा बाधा पुऱ्याइएको देखिन्छ (मोहन प्रसाद, २०३५) ।

यस उपमहानगरपालिकाको वडा नं. १९ मा बसोवास गर्ने थारु समुदायमा चेतनाको कमि कमजोर आर्थिक अवस्थाले राम्रो शिक्षा आर्जन गर्न सकिरहेको छैनन् । बिचैमा विद्यालय छोड्ने गर्दछन् । जसले गर्दा थारु समुदायको बालबालिकाले राम्रो शिक्षा लिने सकिरहेका छैनन् । आर्थिक कमजोरीले थारु समुदायका कतिपय बालबालिका विद्यालय छाडेर ज्याला, मजदुरी गर्ने, गाडिहरूको गाडीहरूको खुलासा काम गर्ने गर्दछन् । अध्यनय गर्दा गदैए बैदेशिक रोजगारीमा जाने गर्दछन् । यस ठाउँमा थारु समायका एसएए म्म पढ्ने न्युन मात्र हुने गर्दछ । उच्च शिक्षा पढ्ने न्युन मात्र हुने गर्दछ । उच्च शिक्षा पढ्ने बालबालिका झन न्युन रहने गरेको छ । आर्थिक अवस्था कमजोर तथा रोजगारी कमीले गर्दा पनि थारु समुदायका वालवालिका शिक्षाको उज्यालो घामबाट बञ्चीत भइरहेका छन् । यिनीहरूको समायले शिक्षामा लगानी गर्न खास मन पराउँदैनन्  जसले गर्दा शैक्षिक स्तर कमजोर रहेका छन् । बालबालिकाको शिक्षामा यिनीहरूका समुदायले खासै ध्यान दिएको पाइँदेन । बालबालिकालाइृ पढाउनु पर्छ भन्ने न्युन चेतना हुन्छ ।

यिनहिरूको समुदायमा बालबालिकाले खोतिपाति लगाएर अन्य काम सहयोग गरोस भन्ने चाहन्छन् । जसका कारण यिनीहरूका वालबालिका शिक्षामा असर पारिरहेका छ । यस वडामा माध्यमिक २ वटा  सरकारी एउटा आयुर्वेदिक क्याम्पस २ वटा आधारभूत सरकारी विद्यालय निजी २ वटा आधारभूत र दुइवटा भन्टेश्वरी विद्यालय रहने गरेको छ । यस वडामा ७-८ कलास पढेर विचैमा पढाइ९ छोड्ने गर्दछन् । शिक्षामा छोरा छोरीमा खास विभद नरहेको पाइन्छ । छोरा छोरीलाई विद्यालय समान रुपमा पठाउने गर्दछन् । यस ठाउँमा बसोवास गर्ने थारु समुदायका वावु आमा अशिक्षित छन जसले आफ्ना छोरा

छोरीलाई राम्रो ढङ्गले नीति निर्देशन गर्न सकिरहेका छैनन। इच्छा अनुसार छोरा छोरीले विद्यालय पढ्ने जो गर्दछन् । यिनीहरूका समुदायका वालबस्तीकाहरूले खेलेर, बसेर समय कटाइरहेका हुन्छन् । ती बालबालिकालाई निगरानी गर्ने गर्दैनन । विचैमा विद्यालय छोड्ने केटा केटीहरूले विवाह गरेर जाने गरेको पाइन्छ । शिक्षामा थारु समुदायका वालवालिकामा असर पर्नुमा सामाजिक, कारण, पारिवारिक कारण, आथिृक कारण लगायतका कारलो शिक्षामा सफलता प्राप्त गर्न सकिरहेका छैनन। संघ संस्थाका चेतामूलक शैक्षिक सहयोग सरकारी नीतिले भूमिका रुपमा शिक्षाको पहुँच बढ्दै गइरहेको छ ।

यस उपमहानगरपालिकामा छोराभन्दा छोरी विचैमा विद्यालय छाड्ने संख्या धेरै रहेको छ

**तालिका ५.१५**

**नमूना छनोटमा परेका थारु समुदायको शैक्षिक स्थिति**

| साक्षरता | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षरता | १३५ | ५८.६९ |
| निरक्षता | ९५ | ४१.३० |
| जम्मा | २३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७५

उल्लेखित तालिका ५.७ अनुसार क्षेत्रमा थारु समुदायका विद्यालय तथा प्रौढ शिक्षा अध्ययनबाट साक्षर भएको स्थितिलाई आधार मानिएर घरधुरी सर्वेक्षणमा ५८.६९ प्रतिशत रहेको छ । निरक्षरण प्रतिशत ४१.३० रहेको छ ।

**तालिका ५.१६**

**लिंग अनुसारको साक्षरता स्थिति**

| **साक्षरता** | **संख्या** | **पुरुष** | | **महिला** | |
|---|---|---|---|---|---|
| | | **संख्या** | **प्रतिशत** | **सख्या** | **प्रतिशत** |
| साक्षरता | १३५ | ९५ | ७०.३७ | ४० | २९.७३ |
| निरक्षता | ९५ | ३० | ३१.५७ | ६५ | ६८.४८ |
| जम्मा | २३० | १२५ | १००.०० | १०५ | १००.०० |

उल्लेखित तालिका ५.१२ अनुसार पुरुष साक्षरता ९५ र ७०.३७ प्रतिशत रहेकोमामा महिला ४० र २९.२९.७२ प्रतिशत रहेको पाइयो । त्यसै गरी पुरुष निरक्षर संख्या ६५ र ७८.४२ प्रतिशत रहेको छ भने पुरुष निरक्षर संख्या ३० र ३१.५७ प्रतिशत रहेको छ ।

### तालिका ५.१७

### कक्षागत रुपमा अध्ययन क्षेत्रका थारुहरूको शैक्षिक स्थिति

| कक्षागत विवरण | संख्या | कुल प्रतिशत | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | सख्या | प्रतिशत |
| कक्षा १ देखि ५ सम्म | ५४ | ३६.४८ | ३० | ५५ | २४ | ४४.४४ |
| कक्षा ५ देखि १० सम्म | ३२ | २१.६२ | १९ | ५९.३७ | १३ | ४०.४६ |
| एस.एल.सी. वा एस.ई.ई. | ४० | २७.०३ | १३ | ३२.५ | २७ | ६७.५ |
| प्लस टु सम्म | १४ | ९.४५ | १० | ७१.४२ | ४ | २८.५७ |
| स्नातक सम्म | ८ | ५.४० | ५ | ६२.५ | ३ | ३७.५ |
| स्नातकोत्तर सम्म | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १४८ | १०००.०० | ७७ | १००.०० | ७१ | १००.० |

स्रोत : स्थलगत अध्ययन २०७५ ।

उल्लेखित तालिका अनुसार यस क्षेत्रमा रहेका थारु समुदायका वालबालिका ३६.४८ १ देखि ५ सम्म अध्ययन गर्दछन् भने २१.६२ प्रतिशतले कक्षा ५ देखि १० सम्मका अध्ययन गर्ने एस.एल.सी. वा एस.ई.ई. सम्म अध्ययन गर्नेको संख्या २७.०२ प्रतिशत रहेको छ । प्लस टुसम्म अध्यन गर्ने ९.४५ प्रतिशत रहेको छ र स्नातक सम्मको अध्ययन गर्ने ५.४० प्रतिशत रहेको छ ।

तल्लो तहमा भन्दा माथिल्लो तहमा अध्ययन गर्ने बालबालिकाको सख्या घट्दै गएको देखिन्छ ।

### ५.१.१५ शैक्षिक स्थिति कमजोर हुनमा आर्थिक कारण

थारु समुदायमा खेसित पातिमा निर्भर हुने भएकाले आथिृक अवस्था कमजोर हुने भएकाले वालवालिका विद्यालय जान पाउँदैनन। जसले गर्दा यिनीहरूका सन्तान शिक्षामा पछाडि रहेका छन् । निःशुल्क शिक्षा भए तापनि विभिन्न शुल्क असुल्ने गर्दछन् । बाबु आमा अर्काको घरमा  ज्याला मजदुर गर्ने भएकाले घरधन्दा गर्नुपर्ने भएकोले शैक्षिक स्तरमा कमजोर छ ।

### ५.१.१६ सामाजिक कारण

यस ठाउँका थारु समुदाय शैक्षिक स्तर कमजोर हुनुमा सामाजिक कारणलाई पनि लिने गरिन्छ ।  रोजगारी अभावले गर्दा समाजले पढ्नु भन्दा पैसा कमाउनेलाई जोडि दिन्छन् । एउटा थारुसमुायमा रहेको उखान “पढो लिखो कौनो काम हलो जोती खायो माम” भन्ने भनाइबाट यिनीहरू प्रभावित रहेका छन् ।

### ५.१.१७ औद्योगिकरणको प्रभाव

यस तुलसीपुर उपमहानगर पालिका बसोवास गर्ने थारु समुदाय बजारले प्रभाव पारेको छ । तुलसीपुर बजार, विजौरी बजार भएकाले त्यहाँ विभिन्न ग्रिल उद्योग गाडी धुलाई इट्टा उद्योगमा काम गर्न जान्छन यिनीहरूका बालबालिकाले पढाइलेखाइमा खास ध्यान दिएको हुँदैन ।

### ५.१.१८ धार्मिक जनजीवन

थारु समुदायको धार्मिक जनजीवन थारु समुदायको धर्मको ठूलो प्रभाव रहेको हुन्छ। यिनीहरू आफ्नो धर्ममा दृढ विश्वास रहेका हुन्छन् । यस ठाउँका थारु समुदायले हिन्दु परम्परा अनुसारको धर्म भान्ने गर्दछन् । विहानि उठेर घर लिपपोत गर्ने नुहाई सूर्यलाई  जल चढाउने गर्दछन् । पिपलको फेदमा परिक्रमा गर्ने र जल चढाउने गर्दछन् । देवी देवतालाइृ खुसी पार्न सत्यनारायणको पूजा, गीता प्रवचन, कृष्ढाको कृतन गर्ने गर्दछन् । घरमा कुनै व्यक्ति विरामी भएमा गरुवा वा भरावालाई बोलाउने गर्दछन् । गुरुवाले अक्षता फुकेर खानदिने चलन छन् । देवी देवता, भूत, प्रेत आदिलाइृ खुशी पार्न र आफूले चिताएको मनोकांक्षा पूरा गराउन पक्षपंक्षी वली दिने र प्रसाद बाँड्ने गर्दछन् । यी समुदायले हिदु धर्म मान्ने भएकाले बीच बीचमा विचमा थापिएका भएर देवतालाई मान्ने गर्दछन् । कूल देवता

ठाकुरे पुज्छन् । भूर्वा भरो पूरोहितको काम गर्न आइमाई पनि हुन्छन् । गुरुवाले बैध झाँकृको काम पनिगर्ने गर्दछन् । घोडाको मूर्तिलाई इष्ट देवता मान्दछन् (पाण्डे, २०४०) ।

### ५.१.१९ रोग तथा उपचार

यस शोध अध्ययन क्षेत्रका थारु समुदायमा सरसफाई अन्य समुदायको तुलनामा कमजोर रहेको हुन्छन् । गाइ, भेडा, बाखा, भैंसी, सुँगुर घर नजिकै बाँध्न गर्दछन् । जसले वरिपरको वातावरण फोहार दुर्गन्धित देखिन्छ । यिनीहरू प्रायजसो एकै ठाउँमा गुजुमुजस भएर बस्ने गर्दछन् । कतिपय थारु समुदाय एकला एकले घर बनाएर बसेका पनि हुन्छन् । अलग्गै घर बनाएर, बस्ने यिनहिरूको घरपरिवारि सफा देखिएको हुन्छ। गुजुमुजु घरमा कुकुरा हाँसस, गाई, भैंसी, गोवरले वरिपरि फोहोर गराउने गर्दछन् । थारु समुायमा तन्त्रमन्त्र बढी विश्वास गर्ने हुनाले परिवारको सदस्य विरामी भएमा गुरुवालाई बोलाउने झारफुक गर्ने गर्दछन् । गर्भवति, सुत्केरी थारु आइमाइहरूले आफ्नो स्वास्यको खासै ख्याल गरेको पाइँदैन । प्रायजसो थारु समुदाय सुत्केरी घरमै गराउने चलन रहेको हुन्छ। जन्मेको बच्चाको साल नाल काट्नका लागि घरेलु सामानको प्रयाग गर्ने गर्दछन् । थारु समुदायले कमल पित्त तथा दाँतको रोग लागेको विरामीले गुरुवावाट झार्ने तथा झारफुक गरी दाँतको किरा झार्ने चलन पनि रहेको छ । शिक्षा तथा जनचेतनाले गर्दा थारु समुदायका सदस्यहरू विरामी भएका स्थानीय स्वास्थ्य केन्द्रमा लैजाने क्रम पनि बढ्दै गएको छ ।

# अध्याय ६

# निष्कर्ष

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा बसोवास गर्ने थारु समुदायका विवाह संस्कार एउटा महत्वपूर्ण संस्कार हो । जसको आफ्नै मौलिक परम्परा छ । आफनै भाषा, आफ्नै भेषभुषा, अन्य संसकार मौलिक रहेका छन् । थारु समुदायको मुख्य पेशा खेतिपाति गर्न हो । यिनहिरू समय क्रमसँगै चेताको विकास हुँदै गइरहेको छ । शिक्षा पनि विस्तारै समाहित भइरहेका छन् । यिनीहरूको संस्कारमा आधुनिकताका साथ साथै अन्य समुदायको प्रभाव पनि परिरहेको छ । अन्य समुदायको भन्दा यिनीहरको जग्गा जमिन कम हुने गर्दछन् । जाँड रक्सी सेवन गर्न मनपराउँछन् । यिनीहरूको पुराहितलाई गुरुवा वा भर्रावा भनिन्छ। प्रायजसो थारुहरू कालो वर्णका हुन्छन् । यिनीहरूले भारी काममा लठ्ठा राखेर बोक्ने गर्दछन्। ष्यिनीहरूको महत्वपूर्ण पर्व भनेको माघेसक्रान्ति वा माघी हो । सुँगुरको मासु, दाल, साग, लसुन, प्याज खान मन पराउँछन् । मजदुरी गरेर पैसा कमाउने गर्दछन् । यिनीहरूको समुदायमा विभिन्न अफिसमा गएर जागिर गर्ने गर्दछन् । विवाहमा बुकी घस्ने चलन रहेको छ । जन्म संस्कारमा थारु समुदायले विभिन्न काम गर्ने गर्दछन् ।

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ मा बसोबास गर्ने थारु समुदायको आफ्नै खालको मौलिक परम्परा रहेको छ । यहाँका थारुहरूको समुदायमा मागी विवाह प्रचलित छ । परम्परागत मागी विवाहमा दुलाहा साथै फुपूलाई समेत डोलीमा लैजानुपर्दथ्यो । आजभोलि गाडी, बस, जीप, ट्याक्टर प्रयोग गरेर जन्ती जाने चलन छ । यहाँको समुदायले कृष्ण जन्माष्टमीमा महिला ब्रत बस्ने तिहारमा दिदी बहिनी, दाजुभाइ ब्रत बस्नुपर्दछ । दशैंमा भेडाको बलि दिने चलन छ यहाँका थारु समुदायले भयांर पुज्ने गर्दैछन् । मताउले गाउँ खबर गर्ने गर्दछ । गुरुवाले भयांर पूरा गर्दाखेरी सरसल्लाह दिने २ वटा पुजारु हुने चलन रहेको छ । साटासाट विवाह गर्ने चलन क्रमशः कम हुँदै गएको छ । भाउजु विवाह गर्ने चलन पनि रहेको छ । अन्तरजातीय विवाह गर्ने चलन यहाँको थारु समुदायमा बढ्दै गएको छ । शिक्षा, स्वास्थ्य, सरकारी, अफिस, सञ्चार, निर्माण सेवामा यिनीहरूको पहुँच विस्तारै बढ्दै गएको छ । थारु जातिमा परम्परागत विवाहमा परिवर्तन आउनुमा शिक्षा, आधुनिकताको विकास, सडक सञ्जाल, संचारको विकास, विद्युतको विकास अन्य जाती यहाँ बसाइसराई गरेर आउनु महत्वपूर्ण कारक तत्व हो । युवाहरूले परम्परागत विवाह पद्धति भन्दा आधुनिक विवाह रुचाउनु, अन्धविश्वासलाई यूवा पिँढीले मन पराउन छाड्दै गएका छन् ।

## सन्दर्भग्रन्थसूची


आचार्य, बावुराम (२०१०), **थारुजातिको मुलघर कहाँ?,** काठमाडौं, श्री ५ को सरकार पुरातत्व विभाग ।

उप्रेति, लयप्रसाद (२०५४), **नेपालका विभिन्न जातजातीहरू तिनीहरूको रहनसहन,धर्म संस्कृति,** काठमाडौंः आठराई पुस्तक भण्डार ।

गुरुङ्ग, गणेश *Indigenous People Mobility and Change (1994)*

घिमिरे, देवेन्द्र (२०४४), **थारु जातिको इतिहास र संस्कृति,** काठमाडौंः साझा प्रकाशन ।

गौतम, टेकनाथ (२०४४), **थारु जातिको इतिहास तथा संस्कृति,** भोटाहिटी, काठमाडौंः रत्न पुस्तक भण्डार ।

चौधरी, नीलमकुमार (२०५५), **थितौन थारुको परिचय,** हेल्प नेपाल एशोसियनशन ।

चौधरी, महेश (२०६४), **नेपालको तराई तथा यसका भूमिपुत्रहरू,** दाङ्ग ग्ामिण महिला विकास संस्था ।

चौधरी, श्रीराम् (२०६४), **थारुहरूको संक्षिप्त अर्थ राजनीति** (सन्दर्भ मौखिक इतिहास संकलन) समाजमा वातावरणीय शिक्षाको विकास (सीड), तुलसीपुर, दाङ्ग ।

पाण्डे, रामकुमार (२०४०), **नेपाल परिचय,** तेश्रो संस्करण, ललितपुरः इन्दु छापाखाना ।

रजौरिया, द्रोण प्रसाद (१९८१), **एन प्रोपोलोजिकल स्टडीज अफ दि थारुज्,** देउखुरी, सेन्टर फर नेपाल एण्ड एशियन स्टडिज ।

रेग्मी, ऋषि केशवराज (२०३५), **एक श्रोत तिनधारा,** साझा प्रकाशन, काठमाडौं ।

विष्ट, डोरबहादुर (१९७६), **पिपुल अफ नेपाल,** रत्न पुस्तक भण्डार ।

विष्ट डोरबहादुर (२०५२), **सवै जातको फूलवारी,** काठमाडौंः साझा प्रकाशन ।

शर्मा, जनकलाल (२०३९), **हाम्रो समाज एक अध्ययन,** साझा प्रकाशन, काठमाडौं ।

शर्मा, नगेन्द्र (२०३७), **नेपाली जनजीवन,** दोश्रो संस्करण, काठमाडौंः साझा प्रकाशन ।

शर्मा डा. मेदनी प्रसाद (२०४४) थारु जातिको एक अध्ययन

ज्ञवाली, विष्णु प्रसाद (२०५७), **गजेहडा थारुको सामाजिक, आर्थिक अवस्था एक समाजशास्त्रीयय अध्ययन,** त्रि.वि.वि. समाजशास्त्र/मानवशास्त्र शिक्षण विभाग, त्रि.वि. कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

Bista, Dor Bahadur (1972).*People of Nepal,* Bhotahity, Kathmandu: Ratnapustak Bhandar .

Majumdav, D.N. (1942).*Contributions ot Nepalese Studies,* Vol. 22. *A Sociological Study of Four Tharu Village* (PHD Thesis), New York: Michigan University.

Rajaure Drona Prasad (1977). *Anthropological Study of the Tharu of Dang,* Deukhari, www.socialirelation.org.np

## अनुसूची

## व्यक्तिगत विवरण

१. अन्तरावार्ता दिनेको नामः

२. लिङ्गः

३. उमेरः

४. शिक्षाः

५. धर्मः

६. भाषाः

७. वैवाहिक स्थितिः

८. परिवारको प्रकार

९. परिवारको संख्याः

१०. घर संख्याः

११. गाउँपालिका/नगरपालिकाः

१२. वडा नं.:

१३. जिल्लाः

१४ अञ्चलः

१५. प्रदेशः

**ख. पेशागत अनुसार आर्थिक अवस्था**

| पेशाको किसिम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ज्याला/मजदुरी | | | |
| व्यापार | | | |
| जागिर | | | |
| वैदेशिक रोजगार | | | |
| प्राविधिक | | | |
| अन्य | | | |

१७. आय व्यय विवरण

| पेशा | कूल आम्दानी | खर्च | वचत |
|---|---|---|---|
| कृषि, पुशपालन | | | |
| ज्याला/मजदुरी | | | |
| व्यापार | | | |
| जागिर | | | |
| वैदेशिक रोजगार | | | |
| प्राविधिक | | | |
| अन्य | | | |

१८. तपाईको परिवारमा कति सदस्यहरू छन् ?

| उमेर समुह (वर्ष) | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ०-१४ | | | |
| १५-५९ | | | |
| ६० भन्दा माथि | | | |
| कुल जम्मा | | | |

१९. तपाईको पूर्खा पहिले कहाँबाट आएका थिए ?

क. नेपाल　　ख. भारत

२०. यस ठाउँमा कहिले देखि बस्दै आउनु भएको हो ?

..............................................................................................

२१. तपाईको घर व्यवहार चलाउने श्रोतहरू के के हुन् ?

..............................................................................................

२२. घर कस्तो प्रकारको छ ?

क. पक्की　　ख. कच्ची

२२.१. छानाको प्रकारः　क. टिन　ख. खर　ग. टायल　घ. खपटा

२२.२. गाह्रोको प्रकारः　क. सिमेन्ट　ख. बाँसको टाटी　ग. माटोको भित्ता

२३. तपाइले गर्ने पेशा के हो ?

क. कृषि　ख. व्यापार　ग. सेवा

घ. मजदुरी　ङ. ज्यालादारी　च. अन्य

२४. ऋण सापट लिने गर्नु भएको छ या छैन ?

क. छ　　ख. छैन

२५. तपाईले गर्दै आउनु भएको परम्परागत पेशा छोरा/छोरीलाई पनि सिकाउन चाहनुहुन्छ?

२६. सञ्चारका साधनहरू के के प्रयोग गर्नु गर्नु भएको छ ?

क. रेडियो　ख. टि.भी.　ग. भिडियो　घ. मोवाइल　ङ. अन्य

२७. खाना पकाउनका लागि के को प्रयोग गर्नुहुन्छ ?

क दाउरा　ख. गुइँठा　ग. ग्याँस　घ. मट्टितेल

२८. दैनिक ज्याला कति पाउनु हुन्छ ?

२९. बावुबाजेको सम्पत्ति के के थियो ?

३०. आर्थिक उन्नति कसरी गर्न चाहनुहुन्छ ?

३१. पूर्ख्यौली सम्पत्ति छ कि वेच्नु भयो ?

३२. के कस्ता वस्तुभाउ पाल्नु भएको छ ?

| पशुको किसिम | पशु संख्या |
|---|---|
| गाई, गोरु | |
| भैंसी, राँगा | |
| खसी, बाखा, भोडा | |
| हाँस, कुखुरा | |
| परेवा | |
| जम्मा | |

३३. आफ्नो जातिको समाजमा कस्तो स्थान छ ?

क. राम्रो ख. ठिकै ग. नराम्रो

३४. तपाईको समाजमा कस्तो खालको विवाह चलनमा छ ?

क. मागी ख. साटासाट ग. प्रेम

३४. छोराछोरीमा फरक मान्नु हुन्छ ?

क. मान्छु : १. छोरा भए राम्रो २. छोरी भए राम्रो

ख. मान्दिन

३५. छोराछोरीलाई स्कूल पठाउने गर्नुभएको छ ?

क. छ ख. छैन

३६. तपाईको जातिमा गरिने मूख्य पूजा के के हुन् ?

३७. तपाईको आफ्नो उन्नतिका लागि सरकारबाट कस्तो सहयोग चाहनुहुन्छ ?

३८. अहिलेको अवस्थाबाट सन्तोष हुनुहुन्छ ?

क. छ ख. छैन

३९. परिवार नियोजनवारे थाहा छ ?

क. छ (स्थाई/अस्थाई) ख. छैन

४० थारु भनेर कसैले हेला, अपमान गर्छन् वा गर्दैनन् ?

क. गर्छन् ख. गर्दैनन्

४१. तपाइँको विचारमा छोरीलाई पढाउन आवश्यक छ कि छैन ?

क) छ  ख) छैन

४२. कुन विवाह तपाइँलाई मन पर्छ ?

क) मागी  ख) प्रेम विवाह

४३. आजभोली परम्परागत विवाह संस्कारमा परिवर्तन आउनका कारण के होलान् ?

क) शिक्षा  ख) अन्य जातिको प्रभाव

४४. विवाह गर्दा दाइजो दिनु ावश्यक छ छेन

क) छ   ख) छैन

४५. तपायँको विचारमा कुन विवाह गर्नु भएको हो ?

क) मागी   ख) प्रेम

४६. विवाह गर्दा दाइजो लिनु भएको छ कि छैन

क) छ   ख) छैन

४७. आज भोलि विवाहमा मागर गीत गाउने चलन छ कि छैन ?

क) छ  ख) छैन

४८. परम्परागत विवाह संस्कारमा परिवर्तन छ कि छैन ?

क) छ   ख) छैन

४९. तपाइँको समाजमा सानैमा विवाह हुन्छ कि वयस्क भएपछि ?

क) सानैमा  ख) वयस्क भएपछि

५०. विवाह गर्दा कुन साधन प्रयोग गर्नुहुन्छ

क) ठोली ख) गाडी

५१.( साटासाट विवाह हजुरलाई कस्तो लाग्छ ?

क) राम्रो ख) नराम्रो

५२. विवाह गर्दा खर्च कति गर्नुहुन्छ ,

क) कम  ख) धेरै

५३. विवाह गर्दा पैसा सापट लिनु भएको छ ?

क) छ  ख) छैन

५४. विवाहमा परिवर्तन आवश्यक छ या छैंन ??

क) छ  ख) छैन

५५. तपाइँको समुदायमा अन्तरजातिय विवाह छ छैन ?

क) छ  ख) छैन

५६. मागी विवाहमा लमीको भूमिका कसले गर्दछ ?

क) मताउ  ख) अन्य

५७. विवाह गर्दा साायीत हेर्ने चल छ कि छैन ?

क) छ  ख) छैन

५८. तपाइँको समुदायमा कुन महिनामा विवाह प्रचलत हुने गर्दछ

क) माघ  ख) फागुन  ग अन्य .................

५९. तपाइँको समुदायमा विवाह गर्दा केटाकेटीको उमेर बढी हुनृ गर्दछ ?

क) केटा  ख) केटी

६०. छोरीको विवाह अन्य जातिसँग भएको भए सो को विवर(ा दिनुहोसु

क) भएको छ  ख) भएको छैन ग) भएको छ भने कुन जातिसँग ................................

६१. छोरीको विवाह कुन उमेरमा गर्ने चलन छ ?

क) सानै  ख) २० वर्ष पछि

६२. गर्भवति महिलालाई सुत्केरी कसको सहयोग लिनु हुन्छ ?

क) सुडेनी  ख) नर्स  ग) डाक्टर  घ) घरको मानिस

६३. एक वर्षमा कुन कुन चाड मनाउनु हुन्छ ?

१ ................................................... २ ............................................

३ ................................................... ४ ............................................

६४. भूत प्रेतमा विश्वास राख्नु हुन्छ कि हुँदैन् ?

क) राख्नु  ख) राख्दिन  ग) अलिअलि राख्छौं